# वित्तीय स्थायित्वसहित समष्टिगत आर्थिक स्थिरता कायम गर्न नेपाल राष्ट्र बैंक प्रतिबद्ध*

**- गभर्नर श्री महा प्रसाद अधिकारी**

१. २०८० साल वैशाख १४ गते नेपाल राष्ट्र बैंक आफ्नो स्थापनाको ६७ वर्ष पूरा गरी ६८ औं वर्षमा प्रवेश गरेको छ । स्थापनापछि वित्तीय क्षेत्रको विकास र स्थिरताका साथै देशको समग्र आर्थिक विकासमा यस बैंकले अग्रणी भूमिका खेल्दै आएको छ । यस बैंकका पूर्व गभर्नरज्यूहरुलगायत अग्रजहरूलाई स्मरण गर्दै सम्मान व्यक्त गर्दछु । साथै, यस वार्षिकोत्सवको अवसरमा बैंकका उद्देश्य प्राप्तिका लागि आ-आफ्नो तर्फबाट महत्वपूर्ण भूमिका निर्वाह गरिरहनुभएका बैंकका सञ्चालक समितिका पदाधिकारी र सम्पूर्ण कर्मचारीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै, बैंकको कार्यसम्पादनमा महत्वपूर्ण सहयोग पुऱ्याउने नेपाल सरकार, अर्थ मन्त्रालयलगायत अन्य निकाय, बैंक तथा वित्तीय संस्था, अन्तर्राष्ट्रिय वित्तीय संस्था, सञ्चारमाध्यम र शुभेच्छुकहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

२. २०७९ साल समष्टिगत आर्थिक व्यवस्थापनको दृष्टिकोणले चुनौतीपूर्ण रह्यो । कोभिड-१९ को महामारीबाट प्रभावित अर्थतन्त्रलाई पुनरुत्थान गर्ने क्रममा बाह्य क्षेत्रमा सिर्जित दबाबलाई सम्बोधन गर्न यस बैंकबाट विभिन्न नीतिगत प्रयास भए । साथै, यो वर्ष भुक्तानी प्रणालीको सुदृढीकरण र वित्तीय स्थायित्व कायम गर्न पनि बैंक सक्रिय रह्यो । बैंकको कार्यसम्पादनलाई चुस्त, व्यवस्थित, नियमसङ्गत र अद्यावधिक बनाउन विभिन्न विनियमावली र कार्यविधि तर्जुमा र परिमार्जन गरिए । बैंकको वार्षिकोत्सवको अवसरमा देशको वर्तमान समष्टिगत आर्थिक तथा वित्तीय स्थिति र गत वर्ष यस बैंकले अबलम्बन गरेका महत्वपूर्ण नीतिगत व्यवस्था तथा सम्पादन गरेका कार्यहरू प्रस्तुत गर्न चाहन्छु ।

## चुनौतीबीच सुधारोन्मुख अर्थतन्त्र

३. कोभिड-१९ को महामारीपश्चात् विश्व अर्थतन्त्र पुनरुत्थानको क्रममा रहेको बेला २०२२ फेब्रुअरीमा सुरु भएको रसिया-युक्रेन युद्धले गर्दा विश्वव्यापी रूपमा आपूर्तिजन्य व्यवधान, पेट्रोलियम पदार्थलगायत खाद्यान्न र निर्माणजन्य सामग्रीको मूल्य बढ्न गयो । मूल्यवृद्धिलाई नियन्त्रण गर्न संयुक्त राज्य अमेरिकाले मौद्रिक नीतिमा गरेको कडाइका कारण नेपाली रुपैयाँ अमेरिकी डलरसँग अवमूल्यन हुन गयो । छिमेकी देश भारतले पनि बढ्दो मूल्यवृद्धि र पुँजी बर्हिगमनलाई रोक्न मौद्रिक नीतिलाई कडाइ गर्दै लग्यो ।

---

*नेपाल राष्ट्र बैंकको ६८ औं वार्षिकोत्सवको उपलक्ष्यमा गभर्नर श्री महा प्रसाद अधिकारीले प्रस्तुत गर्नुभएको वक्तव्यको पूर्ण विवरण

४. कोभिड-१९ पछि पुनरुत्थानको क्रममा रहेको नेपाली अर्थतन्त्र पनि प्रतिकूल विश्व अर्थतन्त्रबाट प्रभावित हुन पुग्यो । एकातर्फ मूल्यवृद्धि हुन थाल्यो भने अर्कोतर्फ उच्च आयात र कमजोर विप्रेषण आप्रवाहका कारण आर्थिक वर्ष २०७८/७९ को अवधिमा नेपालको शोधनान्तर घाटा उल्लेख्य मात्रामा बढेर विदेशी विनिमय सञ्चिति तीव्र दरमा घट्न गयो । विदेशी विनिमय सञ्चितिमा आएको कमीसँगै बैंकिङ प्रणालीमा तरलता कम भई ब्याजदरहरू बढ्न गए । बाह्य क्षेत्रमा देखापरेको उच्च दबाबलाई कम गर्न नेपाल सरकारले दस वटा विलासिताका वस्तुको आयातमा प्रतिबन्ध लगायो भने चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत नीतिगत दर बढाइयो । कोभिड-१९ महामारीको बेला दिइएका नियामकीय सुविधाहरू क्रमशः हटाइयो भने पुनरकर्जा सुविधालाई अर्थतन्त्रका अति प्रभावित क्षेत्रमा मात्र सीमित गर्दै लगियो ।

५. नेपाल सरकार र यस बैंकले लिएका नीतिगत व्यवस्था र प्रयासले गर्दा चौध महिनापछि २०७९ असोजबाट शोधनान्तर बचत रहन गई विदेशी मुद्राको सञ्चितिमा सुधार हुन थाल्यो । शोधनान्तर स्थितिमा आएको सुधारसँगै नेपाल सरकारले केही वस्तुहरूको आयातमा लगाएको प्रतिबन्ध हटाएको छ भने यस बैंकले पनि केही वस्तुहरूको आयातको लागि प्रतीतपत्र खोल्दा नगद मार्जिन राख्नुपर्ने व्यवस्था हटाएको छ ।

६. शोधनान्तर स्थिति र विदेशी विनिमय सञ्चितिमा पछिल्ला महिनामा आएको निरन्तर सुधारका कारण बैंकिङ प्रणालीको तरलता स्थितिमा पनि सुधार आएको छ भने ब्याजदरमा परेको दबाब कम हुन थालेको छ । तरलता व्यवस्थापनलाई सुदृढ गर्दै ओभरनाइट तरलता सुविधा नीतिगत दरमा उपलब्ध गराउने व्यवस्था गरेपश्चात् अन्तरबैंकदर ८.५ प्रतिशतबाट घटेर सात प्रतिशतमा आएको छ । बैंक तथा वित्तीय संस्थाले पनि निक्षेप र कर्जाको ब्याजदर घटाउन थालेका छन् ।

७. मौसमको अनुकूलता र रासायनिक मललगायत कृषि सामग्रीको उपलब्धताका कारण कृषि उत्पादनको वृद्धिदर सन्तोषजनक रहने देखिएको छ । ब्याजदरमा देखिएको वृद्धिको फलस्वरूप कर्जाको मागमा समेत कमी आएको तथा सरकारको पुँजीगत खर्च अपेक्षित रूपमा हुन नसक्नाले समष्टिगत माग कमजोर रही आर्थिक गतिविधिमा भने केही शिथिलता आएको छ । तथापि, करिब चार सय मेगावाटको थप जलविद्युत्को उत्पादन र पर्यटन क्षेत्रमा आएको सुधारका कारण चालु वर्षमा आर्थिक वृद्धिदर औसत स्तरमा रहने देखिन्छ । त्यस्तै, पछिल्ला महिनामा मूल्यवृद्धि पनि घट्दो क्रममा छ ।

८. आयातमा कमी आउँदा चालु आर्थिक वर्षमा सरकारको राजस्व सङ्कलन गत वर्षभन्दा घटेको छ । कमजोर राजस्व परिचालन र बढ्दो सरकारी चालु खर्चले गर्दा सरकारी वित्त व्यवस्थापन चुनौतीपूर्ण बनेको छ । आयात नियन्त्रणका लागि अवलम्बन गरिएका नीतिगत व्यवस्था हटाइएको र आयात बढ्ने क्रममा रहेकोले आगामी महिनामा राजस्व परिचालनमा सुधार हुने अपेक्षा राखिएको छ । तापनि अनावश्यक खर्च कटौती, राजस्व चुहावट नियन्त्रण, राजस्वको दायरा फराकिलो पार्दै र वैदेशिक सहयोग परिचालन बढाउँदै जानुपर्ने देखिन्छ ।

९. आर्थिक गतिविधिमा आएको केही शिथिलताले गर्दा बैंकिङ प्रणालीको कर्जा असुलीमा पनि केही दबाब परेको अवस्था छ । तापनि, २०७९ फागुन मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको कुल निष्क्रिय कर्जाको अनुपात कुल कर्जाको २.६ प्रतिशत रहेको, खुद तरल सम्पति कुल निक्षेपको २४.३ प्रतिशत रहेको र जोखिम भारित सम्पतिको १२.९ प्रतिशत कुल पुँजीकोष अनुपात रहेकोले नेपालका बैंक तथा वित्तीय संस्थाको वित्तीय स्थिति सुदृढ अवस्थामा छ ।

## कानुनी तथा कार्यविधि तर्जुमा र सुधार

१०. विद्यमान बैंकिङ कानुनहरूलाई समसामयिक परिमार्जन गर्ने प्रयास भएको छ भने केही नयाँ कानुनहरू मस्यौदा गरिएको छ । नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ र विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ संशोधनको मस्यौदा तयारी भइरहेको छ । विनिमय अधिकारपत्र ऐन, २०३४, बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ तथा वित्तीय सम्पत्ति पुनर्संरचना तथा धितोपत्रीकरण (सेक्युरिटाइजेसन) सम्बन्धी कानुन मस्यौदा तयार भएको छ । नयाँ कानुनमा लिज फाइनान्ससम्बन्धी कानुन, वित्तीय ग्राहक संरक्षणसम्बन्धी कानुन, सम्पत्ति व्यवस्थापनसम्बन्धी कानुनको अन्तिम मस्यौदा तयार हुने क्रममा रहेको छ ।

११. बैंकका आन्तरिक सञ्चालनको लागि विद्यमान विनियमावलीमा आवश्यक संशोधन र केही नयाँ विनियमावलीको तर्जुमा गरिएको छ । नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ मा पाँचौं संशोधन गरिएको छ । नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ (प्रथम संशोधन २०७९) जारी गरिएको छ । नेपाल राष्ट्र बैंक विप्रेषण कारोबार निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७९ र नेपाल राष्ट्र बैंक विप्रेषण कारोबार निरीक्षण तथा सुपरिवेक्षण कार्यविधि, २०७९ कार्यान्वयनमा ल्याइएको छ ।

१२. दैनिक तरलता सुविधा (Intraday Liquidity Facility-ILF) उपलब्ध गराउनको लागि दैनिक तरलता सुविधासम्बन्धी कार्यविधि, २०७६ मा पहिलो र दोस्रो संशोधन गरी नीतिगत दरमा बैंक तथा वित्तीय संस्थाले RTGS को लागि ओभरनाइट तरलता सुविधा लिनसक्ने व्यवस्था गरिएको छ ।

१३. शोधनान्तर तथ्याङ्क अन्तर्राष्ट्रिय मुद्रा कोषको छैटौं संस्करण (BPM6) अनुसार सङ्कलन गर्ने उद्देश्यले International Transaction Reporting System (ITRS) Guidelines, 2022 पनि जारी गरिएको छ ।

## समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

### विश्व अर्थतन्त्र

१४. विश्वको आर्थिक वृद्धिदर कमजोर रहने देखिएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२२ मा ३.४ प्रतिशतले वृद्धि भएको विश्व अर्थतन्त्र सन् २०२३ मा २.८ प्रतिशतले विस्तार हुने प्रक्षेपण गरेको छ । विकसित देशहरूको अर्थतन्त्र सन् २०२२ मा २.७ प्रतिशतले वृद्धि भएकोमा सन् २०२३ मा १.३ प्रतिशतले वृद्धि हुने कोषको प्रक्षेपण छ । यसै गरी, २०२२ मा

चार प्रतिशतले वृद्धि भएको उदीयमान तथा विकासोन्मुख देशहरूको अर्थतन्त्र सन् २०२३ मा ३.९ प्रतिशतले वृद्धि हुने कोषको प्रक्षेपण छ । छिमेकी मुलुकहरू भारतको अर्थतन्त्र सन् २०२३ मा ५.९ प्रतिशत र चीनको अर्थतन्त्र ५.२ प्रतिशतले वृद्धि हुने कोषको प्रक्षेपण छ ।

१५. सन् २०२३ मा मूल्यवृद्धिमा केही सुधार हुने प्रक्षेपण रहेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२२ मा विश्वको मुद्रास्फीति ८.७ प्रतिशत रहेकोमा सन् २०२३ मा ७.० प्रतिशत रहने प्रक्षेपण छ । विकसित अर्थतन्त्रको औसत मुद्रास्फीति ७.३ प्रतिशत रहेकोमा सन् २०२३ मा ४.७ प्रतिशत रहने प्रक्षेपण छ । यसै गरी, सन् २०२२ मा ९.८ प्रतिशत रहेको उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रको औसत मुद्रास्फीति सन् २०२३ मा ८.६ प्रतिशत रहने कोषको प्रक्षेपण छ । कोषका अनुसार सन् २०२३ मा छिमेकी मुलुकहरू भारत र चीनको मुद्रास्फीति क्रमशः ४.९ प्रतिशत र २.० प्रतिशत रहने प्रक्षेपण छ ।

## आन्तरिक आर्थिक तथा वित्तीय स्थिति

### वास्तविक क्षेत्र

१६. कोभिड-१९ महामारीको असर कम भएसँगै आर्थिक गतिविधिमा भएको विस्तार, आर्थिक वर्ष २०७९/८० मा समयमै रोपाईं भएको तथा बिउबिजन र रासायनिक मलको उपलब्धतामा सुधारका कारण कृषि क्षेत्रमा भएको वृद्धि तथा वैदेशिक रोजगारीमा जानेको सङ्ख्या वृद्धि भएसँगै विप्रेषण आप्रवाहमा भएको सुधारले बाह्य क्षेत्रमा परेको चाप कम हुँदै गई समग्र अर्थतन्त्रमा सुधार हुने अपेक्षा गरिएको छ । यसै गरी, विदेशी पर्यटकको आगमन सङ्ख्यामा सुधार भएसँगै पर्यटन क्षेत्रको पुनरुत्थानमा पनि सहयोग पुगेको छ ।

१७. नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा धानबाली लगाइएको क्षेत्रफल दुई प्रतिशतले घटे पनि धानबाली उत्पादन ६.९ प्रतिशतले वृद्धि हुने अनुमान छ । यसै गरी, मुख्य अन्न उत्पादन भने ३.८ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।

१८. राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार चालु आर्थिक वर्षको पहिलो त्रयमासको आर्थिक वृद्धिदर ०.८ प्रतिशत मात्र रहेको छ । खासगरी निर्माण र खानीजन्य उत्खनन क्षेत्रको उत्पादनमा उल्लेख्य ह्रास आएको छ भने विद्युत्, ग्यास र पानी, र आवास तथा भोजन सेवाको उत्पादन उल्लेख्य रूपमा बढेको छ । समग्रमा चालु आर्थिक वर्षको आर्थिक वृद्धिदर चार प्रतिशतको हाराहारीमा रहन सक्ने भनेर विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाको अनुमान छ ।

### मूल्य स्थिति

१९. २०७९ फागुन महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ७.४४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ७.१४ प्रतिशत थियो । समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ५.६४ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ८.८७ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७९/८० को आठ महिनासम्ममा औसत उपभोक्ता मुद्रास्फीति ७.९३ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ५.५३ प्रतिशत थियो ।

२०. २०७९ फागुन महिनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति ७.१० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति १३.१३ प्रतिशत थियो । समीक्षा अवधिमा थोक मूल्यअन्तर्गत प्राथमिक वस्तु, उत्पादित वस्तु र निर्माण सामग्रीको मूल्य सूचकाङ्क क्रमशः १.८१ प्रतिशत, ७.३३ प्रतिशत र ६.५८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मूल्य सूचकाङ्क क्रमशः १३.६६ प्रतिशत, १२.०२ प्रतिशत र २४.२४ प्रतिशतले वृद्धि भएको थियो ।

२१. २०७९ फागुन महिनामा वार्षिक बिन्दुगत तलब तथा ज्यालादर सूचकाङ्क ८.५६ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो सूचकाङ्क ७.२६ प्रतिशतले बढेको थियो । समीक्षा महिनामा तलब सूचकाङ्क १२.३९ प्रतिशत र ज्यालादर सूचकाङ्क ७.४५ प्रतिशतले वृद्धि भएको छ ।

## सरकारी वित्त स्थिति

२२. महालेखा नियन्त्रक कार्यालयका अनुसार २०७९ चैत मसान्तसम्ममा चालु खर्च रु.७०६ अर्ब ७७ करोड, पुँजीगत खर्च रु.१०७ अर्ब २४ करोड र वित्तीय व्यवस्थाअन्तर्गतको खर्च रु.१२९ अर्ब चार करोड गरी कुल सरकारी खर्च रु.९४३ अर्ब पाँच करोड (विनियोजित बजेटको ५२.६ प्रतिशत) पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाल सरकारको चालु खर्च रु.६२५ अर्ब ५० करोड, पुँजीगत खर्च रु.१०३ अर्ब ७९ करोड र वित्तीय व्यवस्थाअन्तर्गतको खर्च रु.६४ अर्ब ९७ करोड गरी कुल सरकारी खर्च रु.७९४ अर्ब २६ करोड (विनियोजित बजेटको ४८.६ प्रतिशत) रहेको थियो ।

२३. २०७९ चैत मसान्तसम्ममा संघीय सरकारको कर राजस्व रु.६१६ अर्ब १२ करोड र गैरकर राजस्व रु.६७ अर्ब ६९ करोड गरी कुल राजस्व सङ्कलन १३.४ प्रतिशतले ह्रास आई रु.६८३ अर्ब ८१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारको कर राजस्व रु.७२७ अर्ब ७९ करोड र गैरकर राजस्व रु.६१ अर्ब ४७ करोड गरी कुल राजस्व सङ्कलन रु.७८९ अर्ब २६ करोड रहेको थियो ।

२४. २०७९ चैत मसान्तसम्ममा संघीय सरकारले रु.११२ अर्ब २० करोड आन्तरिक ऋण परिचालन गरेको छ । अघिल्लो वर्षको सोही अवधिसम्ममा संघीय सरकारले रु.१०५ अर्ब ४७ करोड आन्तरिक ऋण परिचालन गरेको थियो ।

## वैदेशिक व्यापार तथा शोधनान्तर स्थिति

२५. चालु आर्थिक वर्ष निर्यात-आयात दुवैमा कमी आएको छ । आर्थिक वर्ष २०७९/८० को फागुनसम्म कुल वस्तु निर्यात २९.१ प्रतिशतले कमी आई रु. १०४ अर्ब ८० करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ८२.९ प्रतिशतले वृद्धि भएको थियो । आर्थिक वर्ष २०७९/८० को फागुन महिनामा कुल वस्तु आयात १९.१ प्रतिशतले कमी आई रु.१,०५८ अर्ब ३९ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ३८.६ प्रतिशतले बढेको थियो ।

२६. आर्थिक वर्ष २०७९/८० को फागुन महिनामा कुल वस्तु व्यापार घाटा १७.९ प्रतिशतले कमी आई रु.९५३ अर्ब ५९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा ३४.५ प्रतिशतले बढेको थियो ।

२७. आर्थिक वर्ष २०७९/८० को पहिलो आठ महिनाको अवधिमा चालु खाता घाटामा सुधार भएको छ भने शोधनान्तर स्थिति बचतमा गएको छ । आर्थिक वर्ष २०७९/८० को फागुन महिनासम्म चालु खाता रु.४४ अर्ब ३१ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु.४६० अर्ब ७२ करोडले घाटामा रहेको थियो । यसै गरी, सोही अवधिमा शोधनान्तर स्थिति रु.१४८ अर्ब ११ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु.२५८ अर्ब ६४ करोडले घाटामा रहेको थियो ।

२८. आर्थिक वर्ष २०७९/८० को फागुन महिनासम्म विप्रेषण आप्रवाह २५.३ प्रतिशतले वृद्धि भई रु.७९४ अर्ब ३२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १.३ प्रतिशतले घटेको थियो । सो अवधिमा खुद ट्रान्सफर २३.९ प्रतिशतले वृद्धि भई रु.८७६ अर्ब सात करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर १.६ प्रतिशतले घटेको थियो ।

२९. २०७९ असार मसान्तमा रु.१,२१५ अर्ब ८० करोडबराबर रहेको कुल विदेशी विनिमय सञ्चिति १५.२ प्रतिशतले वृद्धि भई २०७९ फागुन मसान्तमा रु.१,४०१ अर्ब २१ करोड पुगेको छ । बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १०.९ महिनाको वस्तु आयात र ९.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

## मौद्रिक स्थिति तथा तरलता व्यवस्थापन

३०. आर्थिक वर्ष २०७९/८० को आठ महिनामा विस्तृत मुद्राप्रदाय ५.३ प्रतिशत र सञ्चित मुद्रा ०.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा विस्तृत मुद्राप्रदाय ३.१ प्रतिशतले बढेको थियो भने सञ्चित मुद्रा १४.४ प्रतिशतले घटेको थियो ।

३१. वार्षिक बिन्दुगत आधारमा २०७९ फागुन मसान्तमा कुल आन्तरिक कर्जा ८.१ प्रतिशतले बढेको छ भने निजी क्षेत्रमाथिको दावी ४.० प्रतिशतले बढेको छ । बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन १०.५ प्रतिशतले वृद्धि भई २०७९ फागुन मसान्तमा रु.५,३६३ अर्ब ३४ करोड पुगेको छ ।

३२. बैंकले विभिन्न मौद्रिक उपकरणको प्रयोग गरी बैंकिङ प्रणालीको तरलता व्यवस्थापन गर्दै आएको छ । यस क्रममा आर्थिक वर्ष २०७९/८० को आठ महिनासम्ममा रिपोमार्फत रु.३७७ अर्ब २७ करोड, सोझै खरिदमार्फत रु.८३ अर्ब ८५ करोड, स्थायी तरलता सुविधामार्फत रु.२,७२० अर्ब ४९ करोड र ओभरनाइट तरलता सुविधामार्फत रु.५१५ अर्ब ६७ करोड गरी कुल रु.३,६९७ अर्ब २८ करोडबराबरको तरलता प्रवाह गरिएको छ भने रिभर्स रिपोमार्फत रु.पाँच अर्ब तरलता प्रशोचन गरिएको छ ।

३३. २०७९ पुसदेखि दैनिक तरलता सुविधालाई आवश्यकता पर्दा ओभरनाइट तरलता सुविधामा परिणत गर्न सकिने व्यवस्था गरिएको छ । यो व्यवस्थासँगै बैंक तथा वित्तीय संस्थालाई

अघिल्लो हप्ताको अन्त्यमा कायम रहेको स्वदेशी मुद्रामा रहेको निक्षेपको एक प्रतिशतसम्म बढीमा पाँच दिन अवधिको स्थायी तरलता सुविधा उपलब्ध हुने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ ।

३४. समीक्षा अवधिमा विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर तीन अर्ब ७० करोड खुद खरिद गरी रु.४८२ अर्ब ५३ करोड तरलता प्रवाह गरिएको छ । यसै गरी, अमेरिकी डलर तीन अर्ब ८ करोड बिक्री गरी रु.४०१ अर्ब ६२ करोडबराबरको भारतीय रुपैयाँ खरिद गरिएको छ ।

३५. आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्ममा विभिन्न वित्तीय उपकरणमार्फत रु.८५ अर्बबराबरको आन्तरिक ऋण निष्कासन गरिएको छ । २०७९ फागुन मसान्तसम्म नेपाल सरकारको कुल आन्तरिक ऋण दायित्व रु.१० खर्ब ६ अर्ब १७ करोड ६४ लाख रहेको छ । जसमध्ये ट्रेजरी बिलमा रु.तीन खर्ब ६३ अर्ब ६७ करोड ५६ लाख, विकास ऋणपत्रमा रु.छ खर्ब ३३ अर्ब ४४ करोड ७० लाख, नागरिक बचतपत्रमा रु.आठ अर्ब ९० करोड ८ लाख र वैदेशिक रोजगार बचतपत्रमा रु.१५ करोड ३० लाख रहेको छ । आर्थिक वर्ष २०७९/८० मा नेपाल सरकारले रु.६३ अर्ब १० करोड ८९ लाखबराबरको आन्तरिक ऋण भुक्तानी गरेको छ ।

## ब्याजदर

३६. २०७८ फागुनमा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर ६.८२ प्रतिशत रहेकोमा २०७९ फागुनमा ९.३३ प्रतिशत रहेको छ । यसै गरी, वाणिज्य बैंकहरूबीचको अन्तरबैंक कारोबारको भारित औसत ब्याजदर २०७८ फागुनमा ६.५६ प्रतिशत रहेको तुलनामा २०७९ फागुनमा ७.१८ प्रतिशत कायम भएको छ । वाणिज्य बैंकबाहेकका वित्तीय संस्थाबीचको अन्तरबैंक कारोबारको भारित औसत ब्याजदर २०७८ फागुनमा ६.५६ प्रतिशत रहेको तुलनामा २०७९ फागुनमा ७.२१ प्रतिशत कायम भएको छ । बैंक तथा वित्तीय संस्थाको भारित औसत अन्तरबैंकदर २०७८ फागुनमा ६.५६ प्रतिशत रहेकोमा २०७९ फागुनमा ७.१८ प्रतिशत रहेको छ ।

३७. २०७९ फागुनमा वाणिज्य बैंकहरूको कर्जाको भारित औसत ब्याजदर १३.०३ प्रतिशत र निक्षेपको भारित औसत ब्याजदर ८.३७ प्रतिशत रहेको छ । यसै गरी, २०७९ फागुनमा वाणिज्य बैंकहरूको औसत आधारदर १०.६४ प्रतिशत कायम भएको छ । गत वर्षको तुलनामा ब्याजदर बढेको भए पनि मासिक रूपमा हेर्दा २०७९ माघदेखि भारित औसत निक्षेपको ब्याजदर र भारित औसत आधार दरमा कमी आउन थालेको छ ।

## पुँजी बजार

३८. २०७८ चैत मसान्तमा २,४१५.२४ रहेको नेप्से सूचकाङ्क वार्षिक बिन्दुगत आधारमा १९.९१ प्रतिशतले घटेर २०७९ चैत मसान्तमा १,९३४.४८ कायम भएको छ । साथै, २०७८ चैत मसान्तमा रु.३,४२६ अर्ब ११ करोड रहेको धितोपत्र बजार पुँजीकरण वार्षिक बिन्दुगत आधारमा १७.८८ प्रतिशतले घटी २०७९ चैत मसान्तमा रु.२,८१३ अर्ब ५५ करोड कायम

भएको छ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकृत कम्पनीको सङ्ख्या २०७९ फागुन मसान्तमा २४५ रहेको छ । २०७८ फागुन मसान्तमा सूचीकृत कम्पनीको सङ्ख्या २२८ रहेको थियो ।

## मर्जर तथा प्राप्ति र वित्तीय पहुँच अभिवृद्धि

३९. यस वर्ष बैंक तथा वित्तीय संस्थाको मर्जर तथा प्राप्तिमा उल्लेख्य प्रगति भएको छ । विगत एक वर्षको अवधिमा वाणिज्य बैंकहरू मर्जर तथा प्राप्तिमा संलग्न भई वाणिज्य बैंकको सङ्ख्या २७ बाट २१ मा झरेको छ । यस बैंकले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्तिसम्बन्धी प्रक्रिया सुरु गराएपश्चात् २०७९ फागुन मसान्तसम्म कुल २५७ बैंक तथा वित्तीय संस्थाहरू मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये १८४ संस्थाको इजाजत खारेज हुन गई ७३ संस्था कायम भएका छन् ।

४०. विगत एक वर्षमा वित्तीय पहुँच उल्लेख्य विस्तार भएको छ । २०७९ फागुन मसान्तसम्म २१ वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ६४ लघुवित्त वित्तीय संस्था र एक वटा पूर्वाधार विकास बैंक गरी बैंक तथा वित्तीय संस्थाको कुल सङ्ख्या १२० रहेको छ । २०७९ फागुन मसान्तसम्ममा वाणिज्य बैंकका ५०४९, विकास बैंकका ११३०, वित्त कम्पनीका २८२ र लघुवित्त वित्तीय संस्थाका ५,१६८ गरी बैंक तथा वित्तीय संस्थाको कुल शाखा सङ्ख्या ११,६२९ पुगेको छ । यसबाट प्रतिबैंक तथा वित्तीय संस्थाको शाखाबाट औसतमा करिब २,५१० जनसङ्ख्याले सेवा प्राप्त गर्नसक्ने देखिन्छ ।

४१. २०७९ फागुन मसान्तसम्ममा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीमा कुल निक्षेप खाता सङ्ख्या चार करोड ९२ लाख पाँच हजार र कर्जा खाता सङ्ख्या १८ लाख ५५ हजार रहेको छ ।

४२. २०७९ फागुन मसान्तसम्ममा ७५३ स्थानीय तहमध्ये ७५२ स्थानीय तहमा वाणिज्य बैंकहरूको उपस्थिति रहेको छ । बझाङ जिल्लाको साइपाल गाउँपालिकामा यस्तो शाखा खुल्न बाँकी रहेकोमा उक्त स्थानीय तहमा पनि शाखा स्थापनासम्बन्धी स्थानीय समस्याको निराकरण भई वाणिज्य बैंकको शाखा स्थापना हुने क्रममा रहेको छ ।

## सहुलियतपूर्ण कर्जा, व्यवसाय निरन्तरता कर्जा र पुनरकर्जा

४३. 'सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५' बमोजिम २०७९ फागुन मसान्तसम्ममा एक लाख ४८ हजार ४ सय ५४ ऋणीलाई कर्जा प्रवाह गरी सोको लागि हालसम्म रु.२२ अर्ब ३९ करोड ब्याज अनुदान प्रदान गरिएको छ । २०७९ फागुन मसान्तसम्ममा रु.२०८ अर्ब ९६ करोड सहुलियतपूर्ण कर्जा लगानीमा रहेको छ ।

४४. 'व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७' बमोजिम कोभिड-१९ प्रभावित पर्यटन र घरेलु, साना तथा मझौला उद्यम क्षेत्रको व्यवसाय निरन्तरतामा सहयोग पुऱ्याउन ती क्षेत्रका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानीका लागि प्रवाह भएको कर्जा २०७९ फागुन मसान्तमा रु.८० करोड पाँच लाख लगानीमा रहेको छ ।

४५. शीतघर तथा खाद्यान्न भण्डारण घर स्थापना कार्यक्रमका लागि ब्याज अनुदान मापदण्ड, २०७३ मा भएको व्यवस्थाबमोजिम हालसम्म विभिन्न १३ वटा शीतघर तथा खाद्यान्न भण्डारण घरलाई रु. ३९ करोड २३ लाख ब्याज अनुदान प्रदान गरिएको छ ।

४६. पुनरकर्जा सुविधाअन्तर्गत २०७९ फागुन मसान्तसम्ममा 'क' वर्गका १६ वटा वाणिज्य बैंक, 'ख' वर्गका दुई वटा विकास बैंक, 'ग' वर्गका एक वटा वित्त कम्पनी र 'घ' वर्गका १९ वटा लघुवित्त वित्तीय संस्थालाई असल कर्जाको धितोमा प्रदान गरिएको लघु, घरेलु तथा साना उद्यम पुनरकर्जा, विशेष र साधारण पुनरकर्जा गरी कुल रु.सात अर्ब १२ करोड बराबरको पुनरकर्जा बाँकी रहेको छ ।

## नियामकीय व्यवस्था

४७. इजाजतपत्रप्राप्त संस्थाले विद्यमान व्यवस्थाबाट आवश्यक तरलता व्यवस्थापन गर्न नसकी प्रणालीगत जोखिम सिर्जना हुने र बैंकिङ प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयतामा कमी आउनसक्ने जोखिम देखिएमा अन्तिम ऋणदाताको रूपमा नेपाल राष्ट्र बैंकले आवश्यक ऋण प्रदान गरी वित्तीय स्थायित्व कायम गर्ने उद्देश्यले अन्तिम ऋणदाता सुविधासम्बन्धी विनियमावली, २०७९ जारी गरिएको छ ।

४८. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाबाट प्रदान हुने चालु पुँजी प्रकृतिका कर्जाको औचित्य, प्रभावकारिता तथा सदुपयोगिता सुनिश्चित होस् भन्ने उद्देश्यले चालु पुँजी कर्जा सम्बन्धी मार्गदर्शन, २०७९ (प्रथम संशोधनसहित) जारी गरिएको छ । यस कार्यविधिले बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने चालु पुँजी कर्जाको सदुपयोगिता सुनिश्चित हुनका साथै कर्जा जोखिम व्यवस्थापन प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

४९. नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७ मा पाँचौं संशोधन गरी बैंकबाट प्रदान हुने पुनरकर्जा सुविधालाई विशेष अवस्थामा तोकिएका क्षेत्रमा सीमित गर्ने व्यवस्था गरिएको छ ।

५०. इजाजतपत्रप्राप्त संस्थाका प्रवर्द्धनात्मक गतिविधि Financial Literacy Framework, 2020 अनुरूप नियमित र व्यवस्थित बनाउने उद्देश्यले वित्तीय साक्षरता मार्गदर्शन, २०७९ जारी गरिएको छ ।

५१. AML/CFT सम्बन्धी जोखिम मूल्याङ्कनलाई सहज बनाउने उद्देश्यले ML/TF Risk Assessment Guidelinesfor Bank and Financial Institution, 2022 जारी गरिएको छ ।

५२. विदेशी बैंकको शाखा खोल्ने प्रावधानका लागि Foreign Bank Branch Licencing Policy, 2022 जारी गरिएको छ ।

५३. कोभिड-१९ महामारीका कारण आर्थिक वर्ष २०७६/७७ देखि स्थगन गरिएको Countercyclical Capital Buffer सम्बन्धी व्यवस्थालाई पुनः लागू गरी वाणिज्य बैंकले आर्थिक वर्ष २०८०/८१ देखि Capital Adequacy Framework, 2015 मा भएको व्यवस्थाबमोजिम कायम गर्नुपर्ने व्यवस्था गरिएको छ ।

५४. बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने अनिवार्य नगद अनुपातलाई चार प्रतिशत तथा वैधानिक तरलता अनुपातलाई संशोधन गरी वाणिज्य बैंकको हकमा १२ प्रतिशत तथा विकास बैंक र वित्त कम्पनीहरूको हकमा १० प्रतिशत कायम गर्नुपर्ने व्यवस्था गरिएको छ ।

५५. सेयर धितो राखी प्रवाह हुने मार्जिन कर्जाको एकल ग्राहक सीमालाई संशोधन गरी एउटा वा सबै इजाजतपत्रप्राप्त वित्तीय संस्थाबाट अधिकतम रु.१२ करोडसम्म लिन सक्ने व्यवस्था गरिएको छ ।

५६. रु.तीन लाखसम्मको Credit Card कर्जा र संक्षिप्त प्रक्रिया पूरा गरी विद्युतीय माध्यमबाट स्वीकृत हुने रु. पाँच लाखसम्मको कर्जामा कर्जा सूचना लिन अनिवार्य नहुने व्यवस्था गरिएको छ ।

५७. कर्जा पुनर्संरचना र पुनरतालिकीकरण सम्बन्धी व्यवस्थामा परिमार्जन गरी थप व्यवस्थित बनाइएको छ । पुनर्संरचना र पुनर्तालिकीकरण गर्ने समयमा सक्रिय वर्गमा वर्गीकरण भइरहेका कर्जालाई समान किस्तामा भुक्तानी हुनेगरी बढीमा एक वर्षसम्म ग्रेस अवधि राखी पहिलो पटक पुनर्संरचना र/वा पुनर्तालिकीकरण गरिएमा १२.५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने व्यवस्था गरिएको छ । अन्य अवस्थामा पुनर्संरचना र/वा पुनरतालिकीकरण गरिएमा न्यूनतम २५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने प्रावधान राखिएको छ ।

५८. ब्याज पुँजीकरणसम्बन्धी व्यवस्थामा परिमार्जन गरी आवश्यकता र औचित्यका आधारमा बैंक तथा वित्तीय संस्थाले ब्याज पुँजीकरण गर्नसक्ने व्यवस्था गरिएको छ ।

५९. Private Equity Venture Capital (PEVC) मार्फत लगानी गरेको साना तथा मझौला उद्योग कालो सूचीमा परेका कारणले मात्र (PEVC) सञ्चालन गर्ने संस्थालाई कालो सूचीमा समावेश गर्नुनपर्ने व्यवस्था गरिएको छ ।

६०. छ महिनाभन्दा कम समयावधिको संस्थागत मुद्दती निक्षेप स्वीकार गर्न नपाइनुका साथै, यस्तो मुद्दती निक्षेप छ महिना व्यतित हुनु अगावै भुक्तानी/फिर्ता (Pre mature) गर्न नपाइने व्यवस्था गरिएको छ ।

६१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृतिप्राप्त गरी वैदेशिक रोजगारीमा जाने वा हाल वैदेशिक रोजगारमा रहेका नेपालीको बैंक खाता खोल्ने प्रयोजनका लागि सरलीकृत ग्राहक पहिचानको प्रक्रिया अवलम्बन गरी विप्रेषण (रेमिट्यान्स) बचत खाता खोल्न सकिने व्यवस्था गरिएको छ । उक्त खातामा बैंक तथा वित्तीय संस्थाले आफ्नो तर्फबाट रु.१०० (अक्षरेपी एक सय मात्र) जम्मा गर्नसक्ने व्यवस्था गरी संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकमबाट त्यस्तो खर्च व्यहोर्न सकिने व्यवस्था गरिएको छ ।

६२. वैदेशिक रोजगारीमा रहेका नेपालीको बैंकिङ प्रणालीबाट प्राप्त हुने विप्रेषण रकम बैंक तथा वित्तीय संस्थामा खोलिएको वा खोलिने विप्रेषण बचत खातामा निक्षेप राखेमा, सो खाताबाट रकमान्तर गरी खोलिएको मुद्दती खातामा तथा वैदेशिक रोजगारीमा रहेका नेपालीले परिवारको नाममा पठाएको विप्रेषण रकम निजको परिवारले बचत/मुद्दती निक्षेप खातामा राखेमा न्यूनतम एक प्रतिशत बिन्दु थप गरी ब्याजदर प्रदान गर्नुपर्ने व्यवस्था गरिएको छ ।

६३. वाणिज्य बैंकले सम्बन्धित निकायबाट स्वीकृति लिई कृषि ऋणपत्र (Agricultural Bond) जारी गर्न सक्ने व्यवस्था गरिएको छ। कृषि तथा ऊर्जा ऋणपत्रबाट सङ्कलित रकम ऋणपत्र जारी भएको मितिले तीन वर्षभित्र सम्बन्धित क्षेत्रमा कर्जा प्रवाह गरिसक्नुपर्ने व्यवस्था गरिएको छ।

६४. बैंक तथा वित्तीय संस्थाले आफ्नो कर्मचारीलाई कार्यक्षेत्रसँग सम्बन्धित तालिम प्रदान गर्दा प्रत्येक दुई वर्षमा कम्तीमा एक पटक र ट्रेड फाइनान्स तथा कर्जासम्बन्धी कार्य गर्ने कर्मचारीलाई विशिष्टीकृत तालिम प्रत्येक वर्ष प्रदान गर्नुपर्ने व्यवस्था गरिएको छ। बैंक तथा वित्तीय संस्थाले बैंकिङ क्षेत्रमा दक्ष जनशक्तिको विकास गर्नका लागि नयाँ भर्ना भएका कर्मचारीलाई बैंक प्रवेश गरेको एक महिनाभित्र कम्तीमा दुई साताको अभिमुखीकरण तालिम प्रदान गर्नुपर्ने व्यवस्थासमेत गरिएको छ ।

६५. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले Unique Document Identification Number-UDIN उल्लेख भएको लेखापरीक्षण प्रतिवेदन मात्र स्वीकार गर्नुपर्ने व्यवस्था गरिएको छ।

६६. बैंक तथा वित्तीय संस्थाले खाद्यान्न उत्पादन, पशुपन्छी, मत्स्यपालन, निर्यातजन्य र शतप्रतिशत स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योगका लागि रु.दुई करोडसम्मको कर्जा प्रवाह गर्दा आधारदरमा अधिकतम दुई प्रतिशत बिन्दुसम्म प्रिमियम थप गरी ब्याजदर निर्धारण गर्न पाउने व्यवस्था गरिएको छ। साथै, निजी क्षेत्रलाई सूचना प्रविधि तथा औद्योगिक पार्क निर्माण गर्न कर्जा प्रवाह गर्दा आधार दरमा अधिकतम दुई प्रतिशत बिन्दुले प्रिमियम थप गरी ब्याजदर निर्धारण गर्ने व्यवस्था मिलाइएको छ।

६७. 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाको स्थायित्वसँगै समग्र वित्तीय प्रणालीप्रति विश्वास कायम राख्न इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाले वार्षिक १५ प्रतिशतभन्दा बढी लाभांश (नगद वा बोनस) वितरणको प्रस्ताव गरेमा १५ प्रतिशतभन्दा माथिको प्रस्तावित लाभांशको ५० प्रतिशतले हुने रकम साधारण जगेडा कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ।

६८. 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाले एउटा ऋणीलाई एउटा मात्र लघुवित्त वित्तीय संस्थाबाट कर्जा सीमा ननाघ्नेगरी कर्जा प्रवाह गर्नुपर्ने र प्रवाह गरेको कर्जाको अधिकतम ब्याजदरको कम्तीमा ५० प्रतिशत हुनेगरी निक्षेप/बचतको न्यूनतम ब्याजदर तय गर्नुपर्ने व्यवस्था मिलाइएको छ।

६९. लघुवित्त वित्तीय संस्थाले आफ्नो प्राथमिक पुँजीको बढीमा शत प्रतिशतले हुने रकमसम्म सहायक आवधिक ऋणपत्र (Subordinated Term Debt) जारी गर्नसक्ने व्यवस्था गरिएको छ।

## निरीक्षण तथा सुपरिवेक्षण

७०. वार्षिक निरीक्षण कार्य योजनाअनुसार २०७९ फागुन मसान्तसम्ममा वाणिज्य बैंकहरूको आठ वटा समष्टिगत स्थलगत निरीक्षण र नौ वटा लक्षित स्थलगत निरीक्षण गर्ने कार्य सम्पन्न भएको छ।

७१. बैंक तथा वित्तीय संस्थाबाट नियमित रूपमा लिइँदै आएको तथ्याङ्कको सङ्कलन, सुरक्षण, अनुगमन, विश्लेषण एवम् विवरण प्रकाशनमा रहेका विद्यमान समस्यालाई सम्बोधन गर्न र यस बैंकको स्थलगत निरीक्षण प्रक्रियालाई आधुनिकीकरण गरी यस बैंकको सुपरिवेक्षकीय क्षमतामा अभिवृद्धि गर्न सुपरिवेक्षकीय सूचना प्रणाली (Supervisory Information System-SIS) को कार्यान्वयनमा ल्याइएको छ ।

७२. SIS प्रणालीमा विकास गरिएका विभिन्न मोड्युलको कार्यान्वयनको लागि SIS Implementation Action Plan, 2022 स्वीकृत गरी सो प्रणालीको चरणबद्ध कार्यान्वयन अघि बढाइएको छ । सोहीबमोजिम २०७९ माघ १ देखि 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्था र पूर्वाधार विकास बैंकले दैनिक रूपमा पठाउनुपर्ने तथ्याङ्क तथा विवरणहरू सो प्रणालीमार्फत मात्र पठाउने व्यवस्था गरी सोहीबमोजिम अनुगमन गर्ने कार्य अघि बढाइएको छ ।

७३. Supervisory Information System (SIS) बाट प्राप्त तथ्याङ्कलाई प्रयोग गर्न तथा Off-site Supervision को प्रभावकारिता अभिवृद्धि गर्न Off-site Supervision Manual 2060 लाई अद्यावधिक गरी Off-site Supervision Manual 2022 कार्यान्वयनमा ल्याइएको छ ।

७४. 'AML/CFT Supervision Manual, 2020' मा पहिलो संशोधन गर्नुको साथै, २०७९ फागुन मसान्तसम्म १० वटा वाणिज्य बैंकहरू, नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, हुलाक बचत बैंक तथा एक वटा विकास बैंकको AML/CFT लक्षित निरीक्षण सम्पन्न गरिएको छ ।

७५. विभिन्न निकाय र सेवाग्राहीबाट २०७९ फागुन मसान्तसम्म ८६ वटा निवेदन तथा उजुरी प्राप्त भई सो उजुरीका सम्बन्धमा विभिन्न वाणिज्य बैंकको ४० पटक विशेष स्थलगत निरीक्षण गरी आवश्यक निर्देशन दिइएको छ । यस बैंकबाट जारी गरिएका नीति, निर्देशन र व्यवस्थाको उल्लङ्घन गरेबापत यस आर्थिक फागुन मसान्तसम्ममा १४ वटा वाणिज्य बैंकलाई २५ पटक जरिवाना तथा कारबाही गरिएको छ ।

७६. २०७९ फागुन मसान्तमा आठ वटा राष्ट्रियस्तर र नौ वटा प्रादेशिक स्तरका गरी कुल १७ वटा विकास बैंक र १५ वटा राष्ट्रिय स्तर र दुई वटा प्रादेशिक स्तरका गरी कुल १७ वटा वित्त कम्पनीहरू रहेका छन् । वित्त कम्पनीमध्ये दुई वटा हाल समस्याग्रस्त अवस्थामा छन् ।

७७. यस अवधिमा राष्ट्रिय स्तरका छ वटा विकास बैंकमा जोखिममा आधारित स्थलगत निरीक्षण सम्पन्न गरिएको छ । १० वटा वित्त कम्पनी र पाँच प्रादेशिक स्तरका विकास बैंकमा अनुपालनामा आधारित भई स्थलगत निरीक्षण कार्य सम्पन्न गरिएको छ । साथै, विभिन्न सरोकारवालाबाट प्राप्त निवेदन र उजुरीका आधारमा पाँच वटा विकास बैंक र एक वटा वित्त कम्पनीमा विशेष निरीक्षण सम्पन्न गरिएको छ ।

७८. समस्याग्रस्त वित्तीय संस्था नेपाल सेयर मार्केट्स एण्ड फाइनान्स लिमिटेडको व्यवस्थापनको जिम्मेवारी यस बैंकले वहन गर्दै आएकोमा खुला प्रतिस्पर्धाबाट दुई सदस्यीय व्यवस्थापन समूह नियुक्त गरी संस्था सुधारको कार्यादेश र सर्तसहित संस्थाको व्यवस्थापनको जिम्मेवारी प्रदान गरिएको छ ।

७९. समीक्षा अवधिमा १० वटा विकास बैंक र १०वटा वित्त कम्पनीलाई आर्थिक वर्ष २०७८/७९ को वार्षिक वित्तीय विवरण प्रकाशन गर्ने सहमति प्रदान गरिएको छ।

८०. तोकिएको अनिवार्य नगद मौज्दात अनुपात कायम नगर्ने दुई वटा विकास बैंक तथा एक वटा वित्त कम्पनी र कर्जा निक्षेप अनुपात कायम नगर्ने चार वटा विकास बैंक तथा दुई वटा वित्त कम्पनीलाई हर्जाना लगाइएको छ। नियामकीय व्यवस्थाबमोजिम विपन्न वर्ग कर्जा प्रवाह नगर्ने एक वटा विकास बैंकलाई हर्जाना लगाइएको छ।

८१. समीक्षा अवधिसम्ममा दुई वटा विकास बैंक र दुई वटा वित्तीय संस्थाको AML/CFT सम्बन्धी स्थलगत निरीक्षण सम्पन्न गरिएको छ।

८२. गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षणअन्तर्गत समीक्षा अवधिमा जम्मा २२ वटा रेमिट्यान्स कम्पनीको समष्टिगत स्थलगत निरीक्षण, १५ वटा रेमिट्यान्स कम्पनीको विशेष स्थलगत निरीक्षण र दुई वटा रेमिट्यान्स कम्पनीको अनुगमन निरीक्षण कार्य सम्पन्न भएको छ। यसै गरी, ३६ वटा मनिचेन्जर कम्पनी, १८ वटा टुर्स ट्राभल्स कम्पनी, १० वटा ट्रेकिङ कम्पनी, सात वटा हायरपर्चेज कम्पनी, १० वटा होटेल, तीन वटा कार्गो कम्पनी, तीन वटा एयरलायन्स कम्पनी र अन्यबाट तीन वटा कम्पनीको स्थलगत निरीक्षण तथा सुपरिवेक्षण कार्य सम्पन्न भएको छ।

## लघुवित्त

८३. २०७८ वैशाखदेखि २०७९ चैत मसान्तसम्ममा ३४ वटा 'घ' वर्गका लघुवित्त वित्तीय संस्थाको समष्टिगत स्थलगत निरीक्षण, चार वटा संस्थाको विशेष निरीक्षण र दुई वटा संस्थाको अनुगमन निरीक्षण सम्पन्न गरिएको छ।

८४. यस बैंकबाट विभिन्न चरणमा गरिएका स्थलगत निरीक्षणका क्रममा सुपर लघुवित्त वित्तीय संस्था लिमिटेड, तुलसीपुरलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ग को उपदफा १ को खण्ड (ण) को प्रावधानबमोजिम संस्थाको सञ्चालक समितिलाई निलम्बन गरी उक्त संस्थाको व्यवस्थापन मिति २०७९/१०/२३ देखि यस बैंकको नियन्त्रणमा लिएर व्यवस्थापन समूह नियुक्त गरी व्यवस्थापन सञ्चालन गर्ने व्यवस्था गरिएको छ।

८५. २०७९ साउन १ देखि २०७९ चैत मसान्तसम्मको अवधिमा आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरणका आधारमा ५३ वटा संस्थालाई लाभांश स्वीकृति तथा वार्षिक वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गरिएको छ।

## भुक्तानी प्रणाली

८६. भुक्तानी तथा फर्स्यौट ऐन, २०७५, विनियमावली, २०७७ र अनुमति नीतिअर्न्तगत हालसम्म १० वटा भुक्तानी प्रणाली सञ्चालक (PSOs) र २७ वटा भुक्तानी सेवा प्रदायक (PSPs) संस्थाहरू सञ्चालनमा रहेका छन्।

८७. भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई प्रदान गरिने मौजुदा अनुमति नीति, २०७३ लाई भुक्तानी तथा फर्स्यौट ऐन तथा सम्बन्धित विनियमावलीसँग सामञ्जस्य कायम हुने गरी पुनरावलोकन गरी नयाँ अनुमति नीति जारी गरिएको छ। नयाँ नीतिमा साविकको न्यूनतम

चुक्ता पुँजीको व्यवस्थामा वृद्धि गरिएको छ भने भुक्तानीसम्बन्धी संस्थामा वैदेशिक लगानी भित्र्याउन सकिने, संस्थाहरू एक आपसमा गाभ्ने/गाभिने तथा संस्थागत सुशासनसम्बन्धी केही व्यवस्था थप गरिएको छ ।

८८. विप्रेषण औपचारिक माध्यमबाट भित्रिन सहयोग पुऱ्याउन विदेशबाट प्राप्त हुने विप्रेषण नेपालमा सञ्चालित विद्युतीय वालेटमा प्राप्त हुनसक्ने व्यवस्थालाई थप परिमार्जन गरिएको छ ।

८९. भुक्तानी प्रणाली सञ्चालकलाई अभौतिक (Virtual) क्रेडिट कार्डको स्विचिङ सेवा सञ्चालन गर्न स्वीकृति प्रदान गरिएको छ । उक्त सेवा सञ्चालन भएपश्चात् भौतिक रूपमा कार्ड जारी गर्दा हुने खर्च र कार्ड बोक्ने झन्झट कम हुन जाने तथा हाल भौतिक कार्डको स्विचिङबापत कार्ड सञ्जाल सञ्चालन गरिरहेका विदेशी संस्थालाई भुक्तानी गरिने विदेशी मुद्रासमेत बाहिरिन कम हुने देखिन्छ ।

९०. भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई जारी गरिएको भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशनमा संशोधन/परिमार्जनसमेत गरी 'भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन-२०७९' जारी गरिएको छ ।

९१. Cyber तथा IT Security Guideline तयार गर्न गठित कार्यदलद्वारा Expectation for Cyber Resilience of Financial Infrastructures को मस्यौदासहितको प्रतिवेदन तयार गरिएको छ ।

९२. समीक्षा अवधिमा विद्युतीय भुक्तानी कारोबारमा व्यापक विस्तार भएको छ । २०७९ वैशाखदेखि फागुन मसान्तसम्म Retail Payment Instrument अन्तर्गतका IPS, Connect IPS, Internet Banking, Mobile Banking, Wallet, QR Based Payment, Point of Sales (POS), E-commerce लगायतका विभिन्न माध्यमबाट करिब रु.७४ खर्बबराबरको कारोबार भएको छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३३.३ प्रतिशतले बढी हो ।

९३. यस बैंकबाट सञ्चालित RTGS प्रणालीमार्फत २०७९ वैशाखदेखि फागुन मसान्तसम्म नेपाली रुपैयाँ ३७ खर्बबराबरको कारोबार भएको छ । RTGS प्रणालीको PFMI सिद्धान्तका आधारमा Self Assessment गर्ने कार्य भइरहेको छ । RTGS प्रणालीलाई बिहान ८ देखि बेलुकी ८ बजेसम्म सञ्चालन हुने व्यवस्था मिलाइएको छ । २१ वाणिज्य बैंक, ११ विकास बैंक, १२ वित्त कम्पनी र एक नेपाल पूर्वाधार विकास बैंक गरी जम्मा ४५ वटा बैंक तथा वित्तीय संस्थाहरू RTGS प्रणालीमा आबद्ध भएका छन् ।

९४. आर्थिक वर्ष २०७८/०७९ मा सम्पादन गरिएका प्रमुख कार्य र विभागका गतिविधिलाई समेटेर भुक्तानी प्रणाली निरीक्षण प्रतिवेदन (Payment System Oversight Report) प्रकाशन गरिएको छ । समीक्षा अवधिमा दुई वटा भुक्तानी प्रणाली सञ्चालक तथा सात वटा भुक्तानी सेवा प्रदायक संस्थाको स्थलगत निरीक्षण र दुई वटा संस्थाको AML/CFT Focussed Inspection सम्पन्न भएको छ ।

९५. बैंकले आर्थिक वर्ष २०७९/८० लाई विद्युतीय भुक्तानी कारोबार प्रवर्द्धन वर्षको रूपमा मनाउने निर्णय भएबमोजिम विभिन्न कार्यक्रम सम्पन्न भएका छन् । Mass Message / Call

Ring Back Tone (CRBT) मार्फत विद्युतीय भुक्तानी कारोबार प्रवर्द्धन गर्न नेपाल दूरसञ्चार प्राधिकरणसँग सहकार्य गरिएको छ ।

## विदेशी विनिमय व्यवस्थापन

९६. २०७९ फागुन मसान्तमा यस बैंकबाट विदेशी मुद्राको कारोबार गर्न इजाजत लिएका संस्थाको सङ्ख्या ३,४०० रहेको छ । यस्ता संस्थामध्ये विप्रेषणसम्बन्धी कारोबार गर्ने कम्पनीको सङ्ख्या ४० र मनिचेन्जर कम्पनीको सङ्ख्या ३४४ रहेको छ । २०७९ फागुन मसान्तमा विदेशी मुद्राको कारोबार गर्न स्वीकृति लिएका फर्म/कम्पनीमा होटेल २२८, ट्रेकिङ १६४३, ट्राभल एजेन्सी ९३३, कार्गो ६५, एअरलाइन्स ७१, वाणिज्य बैंक २१, विकास बैंक ७, वित्त कम्पनी ६ र अन्य ४२ रहेका छन् ।

९७. नेपाल सरकारद्वारा नेपाल राजपत्रमा प्रकाशित सूचना (खण्ड ७१, सङ्ख्या ४८, भाग ५, मिति २०७८/११/२६) बमोजिम भन्सार उप-शीर्षक ०७१३.१०.००, ०८०२.८०.००, ०८०२.९०.०० र ०९०४.११.०० का वस्तुहरू औद्योगिक प्रयोजनको लागि उद्योग विभागको सिफारिस र वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको अनुमतिका आधारमा सम्बन्धित उद्योगले आफैं आयात गर्नसक्ने हुँदा सोही व्यवस्थाको अधीनमा रही विदेशी मुद्राको सटही सुविधा प्रदान गर्न सकिने व्यवस्था गरिएको छ ।

९८. परिवर्त्य विदेशी मुद्रा बिक्री गर्न इजाजतपत्रप्राप्त मनिचेञ्जरले विदेश भ्रमणमा जाने नेपाली नागरिकलाई राहदानीबापत अधिकतम अमेरिकी डलर २०० (दुई सय मात्र) सम्मको सटही सुविधा प्रदान गर्नसक्ने व्यवस्था गरिएको छ ।

९९. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था तथा विप्रेषण कम्पनीले यस बैंकबाट अनुमतिप्राप्त भुक्तानी प्रणाली सञ्चालकसँग सहकार्य गरी जारी गरेका कार्डमा समेत विद्यमान व्यवस्थाको अधीनमा रही विप्रेषण भित्र्याउन सक्ने व्यवस्था गरिएको छ ।

१००. नेपाली/विदेशी नागरिक वा नेपालमा दर्ता भएका फर्म/कम्पनी/संस्था/शाखा कार्यालयले बिक्री, कमिसन, शुल्क, पारिश्रमिकलगायत विभिन्न प्रयोजनका लागि फिर्ता नहुने गरी विदेश (नागरिक वा फर्म/कम्पनी/संस्था) बाट प्राप्त हुने रकम इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीमार्फत सम्बन्धित लाभार्थीको खातामा जम्मा गर्ने गरी दैनिक रु.१५ लाखसम्म (एक पटक वा पटकपटक) को विप्रेषण रकम ल्याउन सकिने व्यवस्था गरिएको छ ।

१०१. आयात तथा निर्यात व्यापारको माध्यमबाट हुन सक्ने सम्पत्ति शुद्धीकरण (Trade Based Money Laundering) कार्यलाई निरुत्साहन तथा नियन्त्रणमा सघाउ पुग्नेगरी इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आवश्यक कार्यविधि तथा आन्तरिक संरचना बनाई वस्तुको अन्तर्राष्ट्रिय बजार मूल्य र Proforma Invoice/Document मा उल्लिखित मूल्यबीच तुलनात्मक विश्लेषणसमेत गरी यथार्थपरक देखिएमा सटही सुविधा (ड्राफ्ट/टी.टी. जारी गर्ने, प्रतीतपत्र खोल्ने, D.A.A., D.A.P. आदि) उपलब्ध गराउनुपर्ने वा Document Handling गर्नुपर्ने व्यवस्था गरिएको छ ।

१०२. यस बैंकको स्वीकृतिमा एक वर्ष वा सोभन्दा बढी अवधिको विदेशी ऋण भित्र्याएका 'क' वर्गका बैंकलाई विदेशी विनिमय जोखिम हेजिङ गर्ने प्रयोजनको लागि उक्त ऋणको बक्यौता साँवा तथा ब्याज बराबर हुने रकमसम्मको र ऋणको अवधिसम्मको डेरिभेटिभ्स (Proprietary Forward) को खरिद कारोबार गर्न तोकिएको रकम र अवधिको सीमा लागू नहुने व्यवस्था गरिएको छ ।

१०३. अमेरिकी डलर ५०० को प्रिपेड कार्डबाट तोकिएका Merchant Category Code (MCC) मा भुक्तानी गर्न नसकिने व्यवस्था गरिएको छ ।

१०४. eVisa प्रणालीबाट भिसा आवेदन लिने व्यवस्था गरेका मुलुकले सो कार्य गर्न नेपालस्थित अन्य संस्थालाई तोकेमा तोकिएबमोजिमका सर्तको पालना हुनेगरी त्यस्ता संस्थामार्फत भिसाबापत सङ्कलित रकमको लागि बैंक तथा वित्तीय संस्थाबाट जारी विद्युतीय/डिजिटल कार्डमार्फत समेत सटही सुविधा प्रदान गर्न सकिने व्यवस्था गरिएको छ ।

१०५. आर्थिक वर्ष २०७८/७९ को विदेशी लगानी तथा विदेशी ऋणसम्बन्धी वार्षिक प्रतिवेदन बैंकको वेबसाइटमार्फत सार्वजनिक गरिएको छ ।

१०६. निर्यातमा अनुदान प्रदान गर्नेसम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७९ बमोजिम एकीकृत परिपत्र २०७८ मा संशोधन गरिएको छ ।

१०७. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १०क ले विदेशमा लगानी गर्न प्रतिबन्ध गरेको र सोही ऐनको दफा ९ग ले यस बैंकले तोकिदिएको व्यवस्थाबमोजिम बाहेक नेपालमा बसोबास गर्ने व्यक्तिले कुनै पनि तरिकाले विदेशमा भुक्तानी दिनेसम्बन्धी कार्य गर्न प्रतिबन्ध गरेको हुँदा नेपालमा बसोबास गर्ने कुनै पनि व्यक्तिले कुनै पनि किसिमले विदेशमा लगानी गर्नेगरी कुनै पनि कार्य जस्तैः विदेशमा घर जग्गा खरिद, धितोपत्र खरिद, सम्पत्ति खरिद, विदेशी बैंक तथा वित्तीय संस्थामा निक्षेप जम्मा गर्नेलगायतका पुँजीगत प्रकृतिका कारोबार (सोसम्बन्धी प्रचार-प्रसारसमेत) र यस बैंकले तोकिदिएको व्यवस्थाबमोजिम बाहेक विदेशमा भुक्तानी हुनेसम्बन्धी कार्य नगर्न/नगराउन एवम् त्यस्तो कार्य गर्ने/गराएको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही हुने व्यहोरासहित मिति २०७९/०९/२९ मा सूचना प्रकाशन गरिएको छ ।

१०८. नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०६७ लाई खारेज गरी नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०७९ जारी गरिएको छ ।

१०९. यस बैंकबाट मिति २०७८/०२/२५ मा जारी नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ पश्चात सेयर स्वामित्व परिवर्तन भई हुनेबाहेकका विदेशी लगानीको हकमा यस बैंकको पूर्व स्वीकृति लिन अनिवार्य नहुने व्यवस्था गरिएको छ । यस बैंकलाई पूर्व जानकारी मात्र गराएर विदेशी लगानीबापतको विदेशी मुद्रा भित्र्याउने व्यवस्था (automatic route) अन्तर्गत २०७९ वैशाखदेखि फागुनसम्म ८३ वटा लिखित जानकारीबाट रु.२८ अर्ब ४२ करोड १६ लाखबराबरको स्वीकृत विदेशी लगानी बैंकिङ प्रणालीमार्फत नेपाल भित्र्याउने जानकारी यस बैंकलाई प्राप्त भएको छ ।

११०. सेयर स्वामित्व परिवर्तनमार्फत हुने विदेशी लगानीबापत कुल २६ वटा नेपाली उद्योग/कम्पनीलाई रु.चार अर्ब ७९ करोड ७१ लाखबराबरको विदेशी मुद्रा नेपाल भित्र्याउन स्वीकृति प्रदान गरिएको छ ।

१११. यस अवधिमा ६१ वटा नेपाली उद्योग/कम्पनीमा भएको रु.११ अर्ब ८० करोड ६० लाखबराबरको विदेशी लगानी लेखाङ्कन गरिएको छ । यसै गरी, कुल ३० वटा नेपाली उद्योग/कम्पनीलाई रु.४६ अर्ब ६८ करोड चार लाखबराबरको विदेशी ऋण भित्र्याउने स्वीकृति प्रदान गरिएको छ भने कुल ४२ वटा नेपाली उद्योग/कम्पनीमा भएको रु.५८ अर्ब २५ करोड १३ लाखबराबरको विदेशी ऋण लेखाङ्कन गरिएको छ ।

११२. यस अवधिमा कुल १८९ वटा विदेशी मुद्राको सटही स्वीकृतिमार्फत रु.२५ अर्ब ७९ करोड ७४ लाखबराबरको रकमको लागि विदेशी लगानी तथा विदेशी ऋणसँग सम्बन्धित रकम विदेश फिर्ता लैजान स्वीकृति प्रदान गरिएको छ ।

## मुद्रा व्यवस्थापन

११३. अघिल्लो छपाइ चक्रअन्तर्गतको विभिन्न छपाइ कम्पनीसँगको सम्झौताबमोजिम रु.५, रु.१० र रु.५०० दरको सबै बैंकनोट यस बैंकको ढुकुटीमा प्राप्त भइसकेको छ । साथै, चालु टकमरी चक्रअन्तर्गतका टकमरी गर्ने कम्पनीसँगको सम्झौताबमोजिम रु.१ दरको सात करोड थान र रु.२ दरको दुई करोड थान सिक्का टकमरी भई बैंकको ढुकुटीमा प्राप्त भएको छ । चालु छपाइ चक्रअन्तर्गत यस वर्ष रु.१०००, रु.५० र रु.२० दरका नयाँ बैंकनोट छपाई गर्नका लागि करार सम्झौता गरिएको छ ।

११४. विद्यमान मुद्रा व्यवस्थापन पद्धतिलाई क्रमशः आधुनिकीकरण तथा यान्त्रिकीकरण गर्दै जाने लक्ष्यअनुरूप आठ थान (केन्द्रीय कार्यालयसहित प्रदेशस्थित कार्यालयको लागि) बैंकनोट श्रेडिङ एण्ड ब्रिकेटिङ सिस्टम (Banknote Shredding and Briquetting System-BSBS) खरिद गरी थापाथलीस्थित निर्माणाधीन भवन र प्रदेशस्थित कार्यालयमा जडान गरिएको छ । ४-४ थान गरी दुई चरणमा आयात गरिएको उक्त मेसिनमध्ये पहिलो चरणअन्तर्गतको मेसिनहरू थापाथलीस्थित निर्माणाधीन भवनमा र प्रादेशिक कार्यालयहरू क्रमशः विराटनगर, नेपालगञ्ज र वीरगञ्जमा, दोस्रो चरणअन्तर्गत प्राप्त भएका चार थान मेसिनहरू प्रादेशिक कार्यालयहरू जनकपुर, सिद्धार्थनगर, पोखरा र धनगढीमा जडान भई सफल परीक्षणपश्चात् हाल नियमित सञ्चालनमा रहेका छन् ।

११५. मुलुकभर नेपाली बैंकनोटको सहज आपूर्तिको सुनिश्चितताका लागि विभिन्न नोटकोष ढुकुटीको सीमा रकममा पुनरावलोकन गरिएको छ । साथै, नोटकोषसम्बन्धी कारोबारलाई थप प्रभावकारी बनाउन नोटकोषको निरीक्षण तथा अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

११६. नोट राष्ट्रको सम्पत्ति भएको हुँदा यसको हिफाजत साथ प्रयोग गर्नेसम्बन्धी विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइएको छ । साथै, बैंकले सफा नोट नीतिको प्रभावकारी कार्यान्वयनका लागि इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय

संस्थाको निरीक्षण गरी सुझाव तथा निर्देशन दिने कार्यलाई यसै आर्थिक वर्षदेखि प्रारम्भ गरिएको छ ।

११७. बैंकको नगद व्यवस्थापन कार्यलाई यान्त्रिकीकरण गर्ने उद्देश्यअनुरूप एक थान Currency Verification and Processing System (CVPS) मेसिन खरिदका लागि Cash Processing Solutions Limited, United Kingdom सँग सम्झौता गरिएको छ । उक्त मेशिन हाल ढुवानीको क्रममा रहेको छ । सफल परीक्षणपश्चात् उक्त मेसिनको आपूर्ति गरी बैंकको थापाथलीस्थित कार्यालयमा जडान गर्ने योजना छ ।

## जनशक्ति व्यवस्थापन

११८. जनशक्ति विकास र व्यवस्थापनका लागि यस बैंकले आवश्यकताअनुसारको दरबन्दी स्वीकृत गराई सोहीअनुरूप कर्मचारी भर्ना, तालिम, विकास, सरुवा, बढुवा, अवकाशलगायतका कार्यहरू नियमित रूपमा सम्पन्न गर्दै आएको छ ।

११९. यस बैंकमा २०७९ फागुन मसान्तमा अधिकृत स्तरमा ६१२, सहायक स्तरमा ४३७ र श्रेणीविहीन कार्यालय सहयोगी स्तरमा ७८ गरी जम्मा १,१२७ कर्मचारीहरू कार्यरत रहेका छन् । कार्यरत कर्मचारीमध्ये अधिकृत स्तरका कर्मचारीको सहायकस्तरका कर्मचारीसँगको अनुपात १:०.७१ तथा अधिकृतस्तरका कर्मचारीको सहायक र कार्यालय सहयोगीस्तरका कर्मचारीसँगको अनुपात १:०.८४ रहेको छ ।

१२०. २०७९ असार मसान्तसम्म रिक्त रहेका पदमा कार्यक्षमता मूल्याङ्कनमार्फत प्रशासन सेवातर्फ उप-निर्देशक (अधिकृत द्वितीय) पदमा १४ जना, सहायक निर्देशक (अधिकृत तृतीय) पदमा ६ जना तथा प्रधान सहायक (सहायक प्रथम) पदमा १४ जनाको बढुवा गरिएको छ । त्यसै गरी, प्राविधिक सेवातर्फ निर्देशक (सूचना प्रविधि) पदमा दुई जनालाई बढुवा गरिएको छ । आन्तरिक प्रतियोगितात्मक परीक्षाको माध्यमबाट निर्देशक (अधिकृत प्रथम) पदमा एक जना, उप-निर्देशक (अधिकृत द्वितीय) पदमा ६ जना, सहायक निर्देशक (अधिकृत तृतीय) पदमा ३ जना र प्रधान सहायक (सहायक प्रथम) पदमा १० जना आन्तरिक प्रतियोगिताद्वारा पूर्ति गरिएको छ ।

१२१. २०७८ असार मसान्तसम्म रिक्त रहेको दरबन्दीका आधारमा प्रशासन सेवातर्फको सहायक निर्देशक (अधिकृत तृतीय) पदमा ४५ जना, सहायक निर्देशक (लेखा/लेखापरीक्षण) पदमा पाँच जना, सहायक निर्देशक (वाणिज्य कानुन) पदमा एक जना र सहायक (सहायक द्वितीय) पदमा २५ जना तथा प्राविधिक सेवातर्फको सहायक निर्देशक (सूचना प्रविधि) पदमा पाँच जना खुला प्रतियोगिताद्वारा पूर्ति गरिएको छ ।

१२२. यसै अवधिमा सहयोगी सेवाअन्तर्गत रिक्त रहेका पदमा करारमार्फत पिपा १६ जना, हलुका सवारी चालक २४ जना, बस चालक सात जना, अधिकृत (सिक्का मुद्रण/टकमारी) एक जना, अधिकृत (डिजाइनर/कम्पाइलर) पाँच जना जनशक्ति नियुक्त गरिएको छ ।

१२३. २०७९ वैशाखदेखि २०७९ फागुन मसान्तसम्मको अवधिमा कुल २३ जना कर्मचारी बैंक सेवाबाट अलग भएका छन् । बैंक सेवाबाट अलग हुनेमध्ये ३ जना ३० वर्ष सेवा अवधिको

आधारमा, १६ जना ५८ वर्ष उमेर हदको आधारमा अवकाश भएका छन् भने चार जनाको राजीनामा स्वीकृत भएको छ ।

१२४. विद्यमान HRIS मा कर्मचारीको तलब भत्ताको अभिलेख, घरजग्गा सापटीको विवरण तथा आवश्यक दरबन्दीलगायतका विवरणसम्बन्धी प्रतिवेदनहरू समेटिएको Enhancement Development कार्यको परीक्षण २०७९ पुस १२ मा सम्पन्न भई प्रयोगमा ल्याइएको छ ।

१२५. बैंकका बहालवाला कर्मचारी तथा पूर्व कर्मचारीको व्यक्तिगत विवरणको विद्युतीय अभिलेख राख्ने कार्य सुचारु रहेको छ । साथै, कर्मचारीको व्यक्तिगत विवरणमा हुने परिवर्तनसँगै विद्युतीय अभिलेख पनि अद्यावधिक गर्ने व्यवस्था गरिएको छ ।

१२६. बैंकमा रिक्त रहेका पदहरूको पूर्ति गर्न लिइने प्रतियोगितात्मक परीक्षाको प्रक्रियालाई व्यवस्थित बनाउन नेपाल राष्ट्र बैंक परीक्षासम्बन्धी कार्यविधि, २०७९ तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

१२७. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारलाई निवारण गर्नेसम्बन्धी कर्मचारी आचारसंहिता, २०७८ को प्रभावकारी कार्यान्वयनका लागि नेपाल राष्ट्र बैंक, आचारसंहिता अनुगमन तथा कार्यान्वयन समितिको कार्य सञ्चालन कार्यविधि, २०७९ तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

१२८. नेपाल राष्ट्र बैंकले कर्मचारीलाई प्रदान गर्दै आएको आन्तरिक कामकाज, कायममुकायम, अतिरिक्त समय कार्य र दैनिक तथा भ्रमण भत्तालगायतका नीतिगत व्यवस्थालाई एकीकृत गरी नेपाल राष्ट्र बैंक आन्तरिक कामकाजसम्बन्धी कार्यविधि, २०७९ व्यवस्थापन समितिबाट स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ ।

१२९. जनशक्ति योजना (२०७६/७७-२०७८/७९) को समीक्षा प्रतिवेदन र आगामी पाँच वर्षका लागि जनशक्ति योजना (२०८०/८१-२०८४/८५) को प्रारम्भिक मस्यौदा तयार गरिएको छ ।

## आन्तरिक लेखापरीक्षण

१३०. बैंकको आन्तरिक लेखापरीक्षणलाई थप प्रभावकारी बनाउँदै जोखिममा आधारित लेखापरीक्षण पद्धतिलाई कार्यान्वयनमा ल्याइएको छ । यस सिलसिलामा वित्तीय संस्था सुपरिवेक्षण विभाग, सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग, जनशक्ति व्यवस्थापन विभाग, लघुवित्त संस्था सुपरिवेक्षण विभाग र मौद्रिक व्यवस्थापन विभागमा आर्थिक वर्ष २०७८/७९ को जोखिममा आधारित लेखापरीक्षण कार्य सम्पन्न भएको छ ।

१३१. आर्थिक वर्ष २०७९/८० को पहिलो त्रैमासिक अवधिको बैंकिङ विभाग, मुद्रा व्यवस्थापन विभाग, वित्त व्यवस्थापन विभाग र प्रदेशस्थित सबै कार्यालयको गैरस्थलगत लेखापरीक्षण गरी प्रतिवेदन तयार गरिएको छ ।

१३२. आर्थिक वर्ष २०७८/७९ को चौथो त्रयमास तथा आर्थिक वर्ष २०७९/८० को प्रथम र दोस्रो त्रयमासको लेखापरीक्षण समितिका त्रैमासिक प्रतिवेदन तथा आन्तरिक लेखापरीक्षण विभागको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

## वित्त व्यवस्थापन

१३३. नेपाल राष्ट्र बैंक ऐन, २०५८ को व्यवस्थाबमोजिम अन्तर्राष्ट्रिय मुद्रा कोषको Safeguard Assessment प्रतिवेदनको सुझावअनुसार महालेखापरीक्षकको कार्यालयले बङ्गलादेशको लेखापरीक्षक M/sHowladar Yunus & Co., Chartered Accountants तथा स्थानीय साझेदार M/s S.R.Pandey & Co., Chartered Accountants लाई परामर्शदाताको रूपमा नियुक्त गरी आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण भएको छ ।

१३४. नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७ ले तोकेबमोजिम संस्थाको चुक्ता पुँजीको १० प्रतिशतको सीमाभन्दा बढी लगानी रहेको संस्था तथा लगानी गर्न नहुने संस्थाको सेयरमध्ये नेपाल स्टक एक्चेञ्ज लिमिटेड, कर्जा सूचना केन्द्र लिमिटेड र नेसनल बैंकिङ इन्स्टिच्युट लिमिटेडको सेयर आंशिक रूपमा तथा ग्रामीण लघुवित्त संस्था लिमिटेडको सेयर पूर्ण रूपमा बिक्री गरिएको छ । सेयर बिक्रीपश्चात उक्त संस्थामा रहेको लगानी ऐनले तोकेको सीमाभित्र कायम भएको छ ।

१३५. बैंकबाट हुने निवृत्तिभरण भुक्तानीलाई विद्युतीय माध्यमबाट भुक्तानी प्रदान गरिने कार्यलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइएको छ । निवृत्तिभरण भुक्तानी कार्यलाई थप व्यवस्थित, पारदर्शी, आधुनिक तथा प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीसहितको नेपाल राष्ट्र बैंक निवृत्तिभरण भुक्तानीसम्बन्धी कार्यविधि, २०७९ जारी गरिएको छ ।

१३६. यस बैंकको वार्षिक वित्तीय विवरण तथा मासिक वित्तीय अवस्थाको विवरणको नयाँ ढाँचा तयार गरी लागू गरिएको छ । नयाँ ढाँचाअनुसार केन्द्रीय बैंकसँग रहेको विदेशी विनिमय सञ्चितिलाई छुट्टै प्रस्तुत गर्नेगरी बैंकको कुल सम्पत्तिलाई विदेशी मुद्रा सम्पत्ति तथा स्वदेशी मुद्रा सम्पत्तिमा विभाजन गरी प्रस्तुत गरिएको छ । साथै, दायित्वलाई समेत विदेशी र स्वदेशी मुद्रामा विभाजन गरिएको छ ।

## सम्पत्ति शुद्धीकरण निवारण तथा वित्तीय जानकारी

१३७. वित्तीय जानकारी इकाईलाई कार्यगत दृष्टिले स्वायत्त इकाईको रूपमा विकसित गरिएको छ । उक्त इकाईको प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म ३,१७० वटा शङ्कास्पद कारोबार/गतिविधि प्रतिवेदन प्राप्त भएको छ । इकाईले यस अवधिमा ५२९ वटा प्रतिवेदन विश्लेषण गरेकोमा २९९ वटा पछि अन्य कुनै सूचना प्राप्त भएमा पुनः विश्लेषण गर्ने गरी अभिलेखीकरण गरेको छ भने २३० वटा प्रतिवेदनलाई अनुसन्धान र अनुगमनका लागि अनुसन्धानकारी/नियामक निकायमा सम्प्रेषण गरेको छ ।

१३८. वित्तीय जानकारी इकाई, नेपाल (FIU-Nepal) र फाइनान्सियल इन्टेलिजेन्स युनिट-माल्दीभ्स (FIU-Maldives) बीच २०७९ पुस १९ गते (January 3, 2023) सूचना आदानप्रदानसम्बन्धी

समझदारीपत्रमा हस्ताक्षर भएको छ । वित्तीय जानकारी इकाईले सूचना आदानप्रदानका लागि हालसम्म १७ वटा विदेशी FIU सँग समझदारीपत्रमा हस्ताक्षर गरेको छ ।

१३९. Egmont Secure Web मार्फत इकाईले आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म १७ पटक विदेशी समकक्षी निकायसँग सूचना आदानप्रदान गरेको छ । आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म वित्तीय जानकारी इकाईले आठ वटा अनुसन्धानकारी निकाय र आठ वटा नियामक निकायसँग सूचना आदानप्रदान तथा गोपनीयतासम्बन्धी समझदारीपत्र (MoU) मा हस्ताक्षर गरेको छ ।

१४०. वित्तीय जानकारी इकाईको goAML (Production Environment) मा 'क' 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्था, जीवन तथा निर्जीवन बीमा कम्पनी, विप्रेषणसम्बन्धी कार्य गर्ने संस्थालाई आबद्ध गरिएको छ भने goAML (Test Environment) मा धितोपत्र व्यवसायी, लघुवित्त कम्पनी, सहकारी संस्था, भुक्तानीसम्बन्धी कार्य गर्ने संस्था, मुद्रा सटहीसम्बन्धी कार्य गर्ने संस्था र क्यासिनो व्यवसायलाई आबद्ध गरिएको छ । त्यसै गरी, सूचना सम्प्रेषणका लागि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल प्रहरी, राजस्व अनुसन्धान विभाग, आन्तरिक राजस्व विभाग, अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका अनुसन्धानकारी निकायलाई समेत goAML System मा आबद्ध गरिएको छ ।

१४१. आयात तथा निर्यात व्यापारको माध्यमबाट हुन सक्ने सम्पत्ति शुद्धीकरण (Trade Based Money Laundering-TBML) सम्बन्धी शङ्कास्पद कारोबार रिपोर्टिङका लागि goAML System मा STR-TBML थप गरिएको छ ।

१४२. वित्तीय कारबाही कार्यदल (FATF) को अन्तर्राष्ट्रिय मान्यता र मापदण्डबमोजिम एसिया प्यासिफिक समूह (APG) बाट नेपालको तेस्रो चरणको पारस्परिक मूल्याङ्कन (सन् २०२२-२३) भइरहेको छ । पारस्परिक मूल्याङ्कनको सम्पूर्ण प्रक्रियामा वित्तीय जानकारी इकाईले APG सचिवालय तथा नेपालबीच सम्पर्क बिन्दुका रूपमा निरन्तर कार्य गर्दै आएको छ ।

## बैंकिङ कारोबारको आधुनिकीकरण

१४३. यस वर्ष कुल पाँच वटा वाणिज्य बैंकका विभिन्न आठ वटा शाखालगायत Extension Counter लाई नेपाल सरकार, एक वटा वाणिज्य बैंकका शाखालाई प्रदेश सरकार तथा एक वटा वाणिज्य बैंकका शाखालाई स्थानीय तह गरी कुल १० वटा कार्यालयमार्फत सरकारी कारोबार सञ्चालन गर्ने स्वीकृति प्रदान गरिएको छ । साथै, प्रदेशको दुई तथा स्थानीय तहका सात गरी विभिन्न वाणिज्य बैंकका कुल नौ वटा शाखाअन्तर्गत एक्सटेन्सन काउण्टर तथा स्थानीय तहअन्तर्गतका १५ वटा शाखा स्थानान्तरण गर्न स्वीकृति प्रदान गरिएको छ ।

१४४. समीक्षा अवधिमा सरकारी कारोबार सञ्चालन गर्ने इजाजतपत्रप्राप्त वाणिज्य बैंकका कुल १२ वटा शाखा कार्यालय तथा वाणिज्य बैंकका शाखा कार्यालयमा रहेका पाँच वटा भा.रु. कोषको स्थलगत निरीक्षण कार्य सम्पन्न भएको छ । साथै, सोही अवधिसम्ममा बैंकका छ वटा प्रदेशस्थित कार्यालयहरूको ECC तथा IPS कार्यान्वयनको अवस्था सम्बन्धमा स्थलगत अनुगमन सम्पन्न भएको छ ।

## सम्पत्ति तथा सेवा व्यवस्थापन

१४५. २०७२ वैशाख १५ गतेको भूकम्पका कारण क्षतिग्रस्त भई सहरी विकास तथा भवन निर्माण विभाग, केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास) बाट निर्माण भइरहेको यस बैंकका थापाथलीस्थित भवनको पुनःनिर्माण कार्य २०७९ फागुनसम्म करिब ९२ प्रतिशत र बालुवाटारस्थित भवनको पुनर्निर्माण कार्य करिब ८७ प्रतिशत सम्पन्न भएको छ ।

## संस्थागत योजना तथा जोखिम व्यवस्थापन

१४६. यस बैंकको आर्थिक वर्ष २०७९/८० को वार्षिक कार्ययोजना कार्यान्वयन भइरहेको छ । साथै, आर्थिक वर्ष २०७८/७९ को वार्षिक कार्ययोजनाको वार्षिक मूल्याङ्कन एवम् समीक्षा र आर्थिक वर्ष २०७९/८० को वार्षिक कार्ययोजनाको दोस्रो त्रयमाससम्मको मूल्याङ्कन र समीक्षा कार्य सम्पन्न भएको छ । चालु आर्थिक वर्षको दोस्रो त्रयमाससम्मको लागि तोकिएको लक्ष्यको तुलनामा बैंकको समग्र कार्यसम्पादन ७७.८७ प्रतिशत रहेको छ । साथै, आर्थिक वर्ष २०७८/७९ को तेस्रो त्रयमास तथा चौथो त्रयमास (वार्षिक) तथा आर्थिक वर्ष २०७९/८० को पहिलो र दोस्रो त्रयमासको बजेट समीक्षा प्रतिवेदन तयार गरिएको छ ।

१४७. वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखा (Financial Inclusion and Consumer Protection Division) तथा सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखा (Money Laundering Prevention supervision division) स्थापनाका लागि O&M Survey सम्पन्न भई महाशाखा स्थापना भएको छ ।

## सूचना प्रविधि

१४८. सुपरिवेक्षकीय सूचना प्रणाली (Supervisory Information System - SIS) नेपाल राष्ट्र बैंकलाई हस्तान्तरण भएको छ । त्यस्तै, बैंकमा रहेको सूचना सुरक्षालाई थप मजबुत बनाउन Security Information and Event Management (SIEM) System स्थापना गरी सञ्चालनमा ल्याइएको छ ।

१४९. कानुन महाशाखाको लागि तमसुक व्यवस्थापन गर्न Loan Deed Management System विकास गरी सञ्चालनमा ल्याइएको छ भने Foreign Exchange Online (FXOL) System लाई आवश्यकताअनुसार परिमार्जनसहित स्तरोन्नति गरिएको छ । साथै, SWIFT System को Customer Security Program (CSP) Independent Assessment सम्पन्न गरिएको छ ।

१५०. यस बैंकमा सञ्चालनमा रहेको कम्प्युटर नेटवर्कलाई थप परिष्कृत गरी नेटवर्क पूर्वाधार अद्यावधिक गरिएको छ भने बैंकको डाटा सेन्टरमा भएका सर्भर उपकरणहरू अद्यावधिक गरी आवश्यकताअनुरूप नयाँ Virtual सर्भर सञ्चालनमा ल्याइएको छ । त्यस्तै, बैंकमा सञ्चालनमा रहेको सर्भर, Database तथा अन्य उपकरणहरूको नियमित Backup गर्ने र आवश्यकताअनुरूप तथ्याङ्क पुनर्स्थापन तथा पुनःप्राप्ति गर्ने गरिएको छ ।

## कानुनी कामकारबाही

१५१. यस बैंकको निर्देशन उल्लङ्घन गरेका कारण बैंक तथा वित्तीय संस्था र त्यसमा संलग्न पदाधिकारीलाई यस बैंकले गरेका कारबाहीको निर्णयमा चित्त नबुझाई पुनरावेदन गरेका र यस बैंकलाई समेत विपक्षी बनाई विभिन्न अदालतमा दायर भएका चालु आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्ममा (प्रदेशस्थित कार्यालयसँग सम्बन्धितसमेत गरी) २३२ वटा चालु मुद्दाहरू रहेका छन् । सोही अवधिमा ५० वटा मुद्दाको फैसला भएको छ र तीन वटा मुद्दा दामासाहीसम्बन्धी रहेको छ ।

१५२. मुद्दा मामिलासम्बन्धी कागजातलाई Litigation Management Software (LMS) मार्फत डिजिटाइजेसन प्रक्रियामा लगिएको छ । त्यस्तै, कर्मचारी सापटीसम्बन्धी कागजातलाई डिजिटाइजेसन प्रक्रियामा लान Tamsuk Management Software (TMS) परीक्षणको क्रममा रहेको छ ।

## अध्ययन/अनुसन्धान/तालिम/सम्मेलन

१५३. A Survey Report on Foreign Direct Investment in Nepal (2020/21) अध्ययन सम्पन्न गरी प्रतिवेदन प्रकाशन गरिएको छ । सुदूरपश्चिम तथा कर्णाली प्रदेशमा प्रादेशिक वित्तीय संस्थाको उपस्थितिसम्बन्धी अध्ययन सम्पन्न भएको छ । नियमित रूपमा प्रादेशिक र एकीकृत आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरी सार्वजनिक गरिएको छ । त्यस्तै, त्रैमासिक रूपमा मुद्रास्फीति अपेक्षा सर्वेक्षण सम्पन्न गरी प्रतिवेदन सावर्जनिक गरिएको छ ।

१५४. Currency Demand Forecasting, Study on Informal Economy of Nepal र लघुवित्त वित्तीय संस्थाले वाणिज्य बैंकको वित्तीय प्रतिनिधिको रूपमा कार्य गर्न सक्ने विषयक अध्ययनहरू सम्पन्न भइसकेका छन् ।

१५५. Database on Nepalese Economy नेपाल राष्ट्र बैंकको वेबसाइटमार्फत सार्वजनिक गरी नियमित रूपमा तथ्याङ्क अद्यावधिक भइरहेको छ । साथै, कुल गार्हस्थ्य उत्पादन वृद्धिको प्रक्षेपणको लागि GDP Nowcasting model निर्माण गरी प्रयोग गर्न थालिएको छ । त्यसैगरी, मुद्रास्फीति, विप्रेषण, कर्जा, निक्षेपलगायतका बृहत् अर्थतन्त्रका चरहरूको प्रक्षेपणको लागि univariate तथा multivariate model निर्माण गरिएको छ ।

१५६. पहिलो पटक सम्पन्न गरिएको वित्तीय साक्षरताको आधार सर्वेक्षणको प्रतिवेदन सार्वजनिक गरिएको छ । यस प्रतिवेदनबाट नेपालको वित्तीय साक्षरता अवस्थाको जानकारी लिन सजिलो भएको छ ।

१५७. नेपालमा केन्द्रीय बैंक डिजिटल मुद्राको सम्भाव्यता सम्बन्धमा गरिएको प्रारम्भिक अध्ययनको प्रतिवेदन तयार गरी सार्वजनिक प्रतिक्रियाको लागि बैंकको वेबसाइटमा प्रकाशन गरिएको छ ।

१५८. अन्तर्राष्ट्रिय मुद्रा कोषको सहयोगमा नेपालको वित्तीय क्षेत्र स्थायित्व पुनरावलोकन (Financial Sector Stability Review-FSSR) गर्ने कार्य सम्पन्न भई उक्त संस्थाबाट प्रारम्भिक प्रतिवेदन प्राप्त भएको छ ।

१५९. Human Resource Management Practices in NRB विषयक अध्ययन सम्पन्न भएको छ ।

१६०. Cloud Computing Feasibility Study सम्बन्धी अध्ययन सम्पन्न गरिएको छ ।

१६१. २०७९ वैशाखदेखि फागुन मसान्तसम्ममा बैंकर्स प्रशिक्षण केन्द्रले नियमिततर्फ २३ वटा र अतिरिक्त १२ वटा गरी जम्मा ३५ वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ । यी तालिममा १,१८८ जना प्रशिक्षार्थीको सहभागिता रह्यो । त्यस्तै, २०७९ वैशाख १ देखि २०७९ फागुन मसान्तसम्ममा कुल ३५० जना कर्मचारीलाई अनलाइन माध्यमबाट र ३६४ जना भौतिक रूपमा वैदेशिक तालिम, सेमिनार, बैठकलगायतका कार्यक्रममा सहभागी भएका छन् ।

१६२. समीक्षा अवधिमा निरन्तर रूपमा डिजिटल वित्तीय चेतना अभिवृद्धि कार्यक्रम तथा समसामयिक विषयमा ज्ञान आदानप्रदान कार्यक्रम सञ्चालन भएका छन् । आर्थिक अनुसन्धान विभागमा त्रैमासिक रूपमा Research Meet कार्यक्रम हुँदै आएको छ । साथै, मुलुकमा वित्तीय चेतना अभिवृद्धि गर्ने उद्देश्यले तयार गरिएका छ वटा एनिमेटेड श्रव्यदृष्य सामग्रीहरु प्रसारण भइरहेका छन् भने १५ वटा डिजिटल ब्यानरहरू तयार गरिएको छ । त्यस्तै, कोशी प्रदेश, मधेस प्रदेश र सुदुरपश्चिम प्रदेशमा गरी जम्मा तीन वटा प्रदेशमा डिजिटल वित्तीय साक्षरता कार्यक्रम सम्मन्न भएको छ । "Plan your money, plant your future" भन्ने मूल नाराका साथ २०७९ चैत ६ देखि १२ सम्म Global Money Week-2023 भव्यताका साथ देशभर मनाइएको छ ।

१६३. यस बैंकमा कार्यरत कर्मचारीको क्षमता विकासको लागि नेशनल बैंकिङ इन्स्टिच्युट, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, नेपाल चार्टर एकाउन्टेन्ट्स संस्था, नेपाल व्यवस्थापन संघलगायतका विभिन्न संस्थाले प्रदान गरेका तालिममा २०७९ वैशाख १ देखि २०७९ फागुन मसान्तसम्म १६५ जना कर्मचारीहरू सहभागी भएका छन् ।

१६४. २०७९ चैत महिनामा The SEACEN Centre सँगको सहकार्यमा यस बैंकले SEACEN Course on Forecasting of Monetary and Financial Stability विषयक अन्तर्राष्ट्रिय तालिम कार्यक्रम काठमाडौंमा सञ्चालन गरेको छ । कर्मचारीको क्षमता विकास गर्ने उद्देश्यले अनलाइन तालिममा सहभागी गराइएको, अधिकृत कर्मचारीलाई तालिम आवश्यकतासम्बन्धी सर्वेक्षण गरिएको तथा यस बैंकको सुपरिवेक्षकीय क्षमता अभिवृद्धि गर्न Toronto Centre सँगको सहकार्यमा तीन वर्षको लागि लक्षित नौ वटा तालिममध्ये यस वर्ष आयोजना गरिएका दुई कार्यक्रमसमेत गरी हालसम्म सात वटा तालिम सम्पन्न भइसकेका छन् ।

## अन्तर्राष्ट्रिय सम्बन्ध

१६५. सन् २०२२ सेप्टेम्बर ५-८ मा जोर्डनको डेड सी मा आयोजित AFI को 'ग्लोबल पोलिसी फोरम, २०२२' मा अवसरमा South Asia Region Financial Inclusion Initiative (SAFFII) Charter मा नेपाल सहभागी भएको छ । नेपाल राष्ट्र बैंकसहित छ वटा एसियाली मुलुकका केन्द्रीय बैंक र वित्तीय नियमन तथा अनुगमनकारी संस्था गरी सात वटा संस्था आबद्ध

रहेको SARFII मा सन् २०२२ देखि २०२४ का लागि नेपाल पहिलो उपाध्यक्ष चयन भएको छ ।

१६६. IMF Article IV Conslultation Team तथा Extended Credit Facility (ECF) Mission को First Review २०२३ फेब्रुअरी १५ देखि २८ सम्म काठमाडौंमा सम्पन्न भएको छ ।

१६७. यस बैंक तथा Alliance for Financial Inclusion (AFI) को संयुक्त आयोजनामा AFI को दुई वटा विषयगत कार्यसमूह Inclusive Green Finance Working Group (IGFWG) तथा SME Finance Working Group (SMEFWG) को आठौं र बीसौं संस्करणको बैठक २०७९ फागुनमा काठमाडौंमा सम्पन्न भएको छ । बैठकमा ४१ मुलुकका केन्द्रीय बैंक र वित्तीय क्षेत्रका अन्य नियामक निकायका ८० जनाभन्दा बढी प्रतिनिधिहरू सहभागी थिए । उक्त बैठकमा साना तथा मझौला उद्यम/व्यवसायमार्फत जलवायु परिवर्तनबाट सिर्जित चुनौतीलाई सम्बोधन गर्न अवलम्बन गर्न सकिने नीतिगत अभ्यास र भावी कार्यदिशाका सन्दर्भमा छलफल भएको थियो ।

## विविध

१६८. Alliance for Financial Inclusion को वित्तीय तथा प्राविधिक सहयोगमा निर्माण तथा संशोधन गरिएको Financial Literacy Framework, 2022 जारी भएको छ ।

१६९. विद्यार्थीहरूमाझ वित्तीय साक्षरता प्रवर्द्धन गर्ने उद्देश्यले नुवाकोट, सिन्धुपाल्चोक र उदयपुर जिल्लामा 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम' सम्पन्न भएको छ ।

१७०. यस बैंकको सञ्चालक समितिको मिति २०७९/०३/१५ को निर्णयानुसार मिति २०७९/०४/०१ देखि गभर्नरको कार्यालयअन्तर्गत 'वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखा (Financial Inclusion and Consumer Protection Division)' स्थापना भई यसअघि बैंक तथा वित्तीय संस्था नियमन विभागअर्न्तगत रहेको वित्तीय ग्राहक संरक्षण इकाई सोही मितिबाट उक्त महाशाखाअन्तर्गत स्थानान्तरण भई सञ्चालनमा आएको छ । वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले अनलाइन पोर्टल, इमेल, लिखित निवेदन तथा टेलिफोन र हेलो सरकारमार्फत २०७९ वैशाखदेखि फागुन मसान्तसम्म २,०८३ वटा गुनासो प्राप्त भएकोमा १,८४६ वटा समाधान भई २६७ वटा समाधानको प्रक्रियामा रहेका छन् ।

१७१. वित्तीय ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापन कार्यविधि, २०७७ मिति २०७९ मङ्सिरमा पहिलो संशोधन गरी लागू गरिएको छ ।

## अन्त्यमा,

१७२. अर्थतन्त्रको बाह्य क्षेत्रमा सुधारसँगै तरलता व्यवस्थापन सहज भए तापनि अन्तर्राष्ट्रिय कारणले गर्दा मूल्यमा परेको दबाब अझै कायम छ । गत वर्षभन्दा व्यापार घाटामा केही कमी आएको, विप्रेषण प्रवाहमा वृद्धि र पर्यटन क्षेत्रमा आएको सुधारका कारण शोधनान्तर स्थिति पनि बचतमा रहन थालेकोले अघिल्लो वर्षको तुलनामा अर्थतन्त्रको बाह्य क्षेत्रलगायत बैंकिङ क्षेत्रको तरलतामा पनि सुधार आएको देखिन्छ । यद्यपि, विकास खर्च र कर्जा प्रवाहमा कमी आउँदा आर्थिक गतिविधिमा केही शिथिलता आएको छ भने सरकारको

राजस्व सङ्कलनमा गिरावट आएको अवस्था छ । बाह्य क्षेत्रको सहजतासँगै बैंकिङ प्रणालीको तरलतामा सुधार भइरहेको र बैंक तथा वित्तीय संस्थाले ब्याजदर घटाउन थालेकाले आन्तरिक आर्थिक गतिविधि सुधार हुँदै जाने देखिन्छ । यसलगायत राजस्व चुहावट नियन्त्रणमा अपनाइएको थप सक्रियताका कारण राजस्व सङ्कलनमा सुधार हुने अपेक्षा छ ।

१७३. नेपाली अर्थतन्त्र बढी आयात र विप्रेषणमा निर्भर रहेकोले विश्व अर्थतन्त्रको प्रभाव सामना गर्दै आन्तरिक सन्तुलन कायम राख्ने कार्य चुनौतीपूर्ण रहेको छ । तापनि, **वित्तीय स्थायित्व कायम राख्दै समष्टिगत आर्थिक स्थिरता कायम राख्ने कार्यमा राष्ट्र बैंक सदैव प्रतिबद्ध** रहेको छ । बैंकिङ क्षेत्रको स्रोत साधनलाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्नुपर्ने आवश्यकता छ । अर्थतन्त्रको दीर्घकालीन सुधारको लागि समग्र उत्पादन र उत्पादकत्व बढाउनेतर्फ क्रियाशील हुन सम्पूर्ण सरोकारवालालाई अपिल गर्दछु ।

१७४. यस बैंकको उद्देश्य प्राप्तिमा संलग्न सबै कर्मचारीहरू धन्यवादका पात्र हुनुहुन्छ । वार्षिकोत्सवको यस गरिमामय अवसरमा बैंकका सम्पूर्ण कर्मचारी र अन्य सम्बद्ध सबैलाई हार्दिक शुभकामना व्यक्त गर्दै यस बैंकको उद्देश्य प्राप्तिमा आगामी दिनमा अझ क्रियाशील हुँदै बैंकको गरिमा उच्च राख्ने गरी यस बैंकको तर्फबाटसेवा प्रदान गर्न/गराउन सम्पूर्ण कर्मचारीहरूलाई निर्देश गर्दछु ।

१७५. वार्षिकोत्सवको अवसरमा २० वर्षे सेवा उपहारबाट सुशोभित हुनुहुने कर्मचारी मित्रहरूलाई बधाई ज्ञापन गर्दै वहाँहरूको बैंकप्रतिको समर्पणको सम्मान गर्दछु । नेपाल राष्ट्र बैंकको ६८औं वार्षिकोत्सवका अवसरमा पहिलो पटक उत्कृष्ट सेवा पुरस्कार सुरु गरिएको छ । यस अवसरमा पुरस्कृत हुने सम्पूर्ण कर्मचारीलाई हार्दिक बधाई ज्ञापन गर्दछु । यसै गरी सबैभन्दा बढी रेमिट्यान्स भित्र्याउने र डिजिटल कारोबार गर्ने संस्थालाई पनि यस अवसरमा सम्मान गर्ने अभ्यासको सुरुआत गरिएको छ । उहाँहरुलाई पनि बधाई ज्ञापन गर्दछु । यसै गरी, बैंकको ६८ औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित आर्थिक लेख, खेलकुद, बाल चित्रकलालगायतका विभिन्न प्रतियोगिताका विजेतालाई पनि हार्दिक बधाई ज्ञापन गर्दछु ।

१७६. यस बैंकको कामकारबाहीमा निरन्तर सहयोग गर्ने नेपाल सरकारका विभिन्न निकाय, बैंक तथा वित्तीय संस्था, निजी क्षेत्रका संघसंस्था, सञ्चार क्षेत्र, प्रबुद्ध वर्ग, अन्तर्राष्ट्रिय मुद्राकोष लगायतका दातृ निकाय, अन्तर्राष्ट्रिय संघ संस्था र सर्वसाधारण सबैमा यस अवसरमा धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा पनि सम्बद्ध सबै पक्षबाट बैंकलाई निरन्तर सहयोग प्राप्त हुनेमा विश्वस्त छु ।

**धन्यवाद !**

**१४ वैशाख २०८०**